news24 दैनिक

वर्ष १३ अंक ११ राष्ट्रिय दैनिक | ३१ साउन २०८२, शनिबार भदौ कृष्ण अष्टमी | नेपाल संवत् ११४५ | Saturday 16 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

### मनोहराको सुकुम्बासी बस्तीमा डोजर

# बिचौलियाले बसायो, महानगरले भत्कायो



बसोबासीको गुनासो : पूर्व सूचनाविनै भत्काइयो, सामान निकाल्न पनि समय दिइएन



महानगरको दाबी : अवैध संरचना हटाउन महिनौंदेखि चेतावनी दिइयो

तस्बिर : नेपाल फोटो लाइब्रेरी

news24
**काठमाडौं, साउन ३०**

मनोहरा खोला किनार रहेको सुकुम्बासी बस्तीमा काठमाडौं महानगरपालिकाले शुक्रबार डोजर लगाएर घरटहरा भत्काएको छ। कामपाको टोलीले बिहान ११ बजे घर भत्काउन थालेपछि स्थानीय आक्रोशित भए। बस्तीवासीले नगर प्रहरीमाथि ढुंगामुढा गरे। झडपमा तीन प्रहरी घाइते भएका छन्। बस्तीवासीले पूर्वसूचना नदिएको र घरका सामान निकाल्न पनि समय नदिइएको बताएका छन्। महानगर प्रहरी प्रमुख राजु पाण्डेले अवैध संरचना हटाउन २/३ महिनादेखि बारम्बार सूचना दिइएको दाबी गरेका छन्। उनका अनुसार यो क्षेत्र मनोहरा जग्गा एकीकरण आयोजना अन्तर्गतको सार्वजनिक जग्गा हो, जहाँ बिचौलियाले अवैध कब्जा गरेर घर बसेका छन्।

घटनाको मुख्य कारण भनेको बिचौलियाद्वारा सस्तोमा जग्गा बिक्री गरी बस्ती बसाल्न दिइएको विवाद हो। बस्तीवासीले बिचौलियाले लालपुर्जा दिने वाचा गरेर जग्गा बेचेर अहिले आफूहरूलाई घरबारविहीन बनाएको गुनासो गरेका छन्। महानगरले भत्काइएका ३० भन्दा बढी संरचनाहरू नयाँ र अवैध रहेको जनाएको छ। आयोजनाका कानुन अधिकृत मनोज भेटुवालले बिचौलियाविरुद्ध कारबाही गर्ने र जग्गा असली मालिकलाई फिर्ता गर्ने योजना रहेको बताएका छन्।

झडपपछि बस्तीवासीले सम्बन्धित समितिहरू खोजी गर्दै दोषी बिचौलियामाथि कारबाहीको माग गरेका छन्। घर भत्काएका सामान असरल्ल भएका परिवारहरूको बिजोग छ। जग्गा अवैध कब्जा गरेर बनाइएका संरचना भत्काउने कामलाई निरन्तरता दिने संकेत कामपाले दिएको छ।

# रविलाई भैरहवाबाट नख्खु सारिँदै



news24
**काठमाडौं, साउन ३०**

रुपन्देही जिल्ला कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई ललितपुरको नख्खु कारागार सरुवा गरिने भएको छ। कारागार व्यवस्थापन विभागका महानिर्देशक लीलाप्रसाद शर्माले यसको पुष्टि गरेका हुन्।

उनका अनुसार लामिछानेलाई कारागार सरुवाका लागि विभागले स्वीकृति दिएको हो। 'कारगार सरुवाका लागि आएको निवेदनलाई विभागले स्वीकृति दिएको हो,' उनले भने, 'नख्खु ल्याउनका लागि विभागले गरेको निर्णय रुपन्देही कारागारलाई पठाइएका छ।'

सहकारी ठगी मुद्दामा उच्च अदालतले पुर्पक्षका लागि रुपन्देही कारागारमा राख्न आदेश गरेसँगै लामिछानेले त्यहाँबाट सरुवाका लागि निवेदन दिएका थिए।

'उहाँको मन्जुरीनामा नै लिखित रुपमा नख्खु कारागार भनेर माग्नुभएको थियो। त्यही अनुसार निर्णय गरेर पठाएका हौं,' महानिर्देशक शर्माले भने।

गृहमन्त्री रमेश लेखकले पनि बिहीबार प्रतिनिधिसभा अन्तर्गतको कानून, न्याय तथा मानव अधिकार आयोगको बैठकमा लामिछानेको कारागार सरुवाको काम भइरहेको बताएका थिए।

लामिछानेले करिब पौने ३ करोड रुपैयाँको बैंक ग्यारेन्टी राखेर थुनाबाहिरै बस्न पाउने माग गर्दै रुपन्देही जिल्ला अदालतमा निवेदन पेस गरेका थिए। गत सोमबार उनको निवेदनलाई जिल्ला न्यायाधीश नारायण सापकोटाको इजलासले अस्वीकृत गर्दै मागे बमोजिम नहुने निर्णय दिएको थियो। अब आफूविरुद्धको मुद्दाको फैसला नहुञ्जेल लामिछानेले थुनाबाहिरै बसेर लड्न पाउने आशाको ढोका लगभग बन्द छ। हालसम्म प्राप्त प्रमाणका आधारमा गोर्खा मिडियामा प्रबन्ध निर्देशक हुनुअघि नै सहकारीबाट रकम लिएर आर्थिक कारोबारमा संलग्न रहेको अदालतको ठहर भइसकेको छ। लामिछानेविरुद्ध सहकारी ठगीमात्रै नभइ संगठित अपराध, सम्पत्ति शुद्धीकरणलगायतको आरोपमा अदालतमा मुद्दा दर्ता छन्। लामिछाने सहकारी ठगी प्रकरणमा गत चैत २२ देखि कारागारमा छन्। थुनामा परेलगत्तै उनले कारागार सार्न निवेदन दिएका थिए। उनको दल यतिबेला दिनहुँ संसद बैठक वष्किार गरिरहेको छ। पार्टी सभापतिको रिहाइका लागि दबाब दिन पार्टीले हस्ताक्षर संकलन अभियान पनि चलाएको छ। उनको मुद्दा रुपन्देही जिल्ला अदालतमा तीन पटकसम्म पेसी चढिसकेको छ। यसअघि यही अदालतले बुटवलको सुप्रिम सहकारी ठगी अभियोगमा पुर्पक्षका लागि धरौटीमा छोड्न आदेश गरेको थियो। गत माघ १३ मा रूपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले लामिछानेलाई एक करोड धरौटीमा रिहा गर्न आदेश गरेको थियो। आदेशमा आफूलाई धरौटी बढी भएको भएको र धरौटी राख्नुपर्ने जरुरी नभएको माग गर्दै उच्च अदालत बुटवलमा निवेदन दर्ता गराएका थिए। यता सरकारी वकिल पक्षले थुनामा राख्नुपर्ने रविलाई धरौटीमा छाड्ने आदेश बदरको माग गर्दै निवेदन दर्ता गराएको थियो।

त्यसै निवेदनमा टेकेर अदालतले उनको मागअनुसार धरौटी रकम कम नगरी जिल्लाको आदेश उल्ट्याउँदै उच्च अदालतले तुलसीपुरको बुटवल इजलासका न्यायाधीशहरू रमेश ढकाल र स्वीकृति पराजुलीले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेका थिए। गत चैत २२ मा आदेश आएकै दिन लामिछानेलाई काठमाडौंबाट पक्राउ गरी भैरहवा लगिएको थियो।

**विभागको स्वीकृतिको पत्र पुगेपछि रूपन्देही प्रशासन र कारागारले स्थानान्तरण गर्ने**

## यो अंकमा



**नयाँ दलहरूमाथि ओलीको असन्तुष्टि**

*'केही तत्व देशमा अराजकता फैलाउन, मच्चाउन, कुदिराख्या छन्। आम जनतालाई नयाँ शक्ति हौं भनेर भ्रममा पारिराख्या छन्,।'*

- चक्रे मिलन १ लाख १० हजार धरौटीमा छुटे
- मोदीले भने- अब परमाणु धम्की र व्यापारिक ब्ल्याकमेलिङ सहँदैनौं
- वाणिज्य बैंकहरूले एक वर्षमा कमाए ७१ अर्ब १८ करोड
- पेट्रोलको भाउ बढ्यो, डिजेल र मट्टितेलको घट्यो
- इँटा उद्योगको बीमा नहुँदा उद्योगी व्यवसायी मर्कामा
- बजेटका उद्देश्य पूरा गर्ने गरी काम गर्न अर्थमन्त्रीको निर्देशन
- विजय बराल भन्छन्- बाआमाले सम्मान पाएपछि कलाकार भएको सार्थक भयो

# कुवेतमा विषाक्त मदिरा सेवनले १६ नेपालीको मृत्यु, दर्जनौंको अवस्था गम्भीर

news24
**काठमाडौं, साउन ३०**

कुवेतमा विषाक्त मदिरा सेवनबाट मृत्यु हुने नेपालीको संख्या १६ पुगेको छ। नेपाली दूतावास र नेपाल पत्रकार महासंघ कुवेत शाखाका अनुसार ज्यान गुमाएका २३ एसियाली नागरिकमध्ये १६ जना नेपाली रहेको पुष्टि भइसकेको छ। बाँकी ३६ जना अस्पतालमा उपचाररत छन्, जसमा आधाभन्दा बढीको अवस्था गम्भीर छ।

कुवेतमा मादक पदार्थ सेवन कानुनी रूपमा प्रतिबन्ध छ। तर, त्यहाँ केही आपराधिक गिरोहहरूले लुकिछिपी विषादीयुक्त मदिरा उत्पादन गरी बिक्री गर्दै आएका छन्। यस्ता अवैध मादक पदार्थ सेवन गर्दा गम्भीर स्वास्थ्य समस्या हुने मात्र होइन, ज्यानसमेत जाने खतरा हुन्छ।

**ज्यान गुमाएका २३ एसियाली नागरिकमध्ये १६ जना नेपाली रहेको पुष्टि भइसकेको छ। बाँकी ३६ जना अस्पतालमा उपचाररत छन्, जसमा आधाभन्दा बढीको अवस्था गम्भीर**

कुवेत सरकारले रोक पनि विभिन्न मुलुकबाट काम गर्न त्यहाँ गएकाहरूले मदिरा सेवन गरिरहेको घटना पुष्टि गरेको छ। विषाक्त मदिरा सेवनको घटनाले कुवेत सरकारसँगै श्रमिक सम्बद्ध मुलुकका राजदूतावासको ध्यानाकर्षित गरेको छ।

नेपाल पत्रकार महासंघ कुवेत शाखाका अध्यक्ष राज मल्लका अनुसार ज्यान गुमाएका नेपालीहरूको नाम, ठेगाना र उनीहरूले काम गर्ने कम्पनीहरूको विवरण भने हालसम्म प्राप्त हुन बाँकी छ। कुवेतमा शुक्रबार सार्वजनिक बिदा परेकाले आधिकारिक विवरण प्राप्त गर्न ढिलाइ भएको बताइएको छ।

हाल कुवेतमा करिब १ लाख ६० हजार नेपाली नागरिक काम गर्दै आएका छन्। उनीहरू विभिन्न कम्पनी, निर्माण क्षेत्र, घरायसी काम र अन्य सेवा क्षेत्रहरूमा कार्यरत छन्।

कुवेतस्थित नेपाली राजदूतावासले घटनाका विषयमा विज्ञप्ति जारी गर्दै करिब ३५ जना नेपाली नागरिक अस्पताल भर्ना भएकोमा केहीको मृत्यु भएको जानकारी प्राप्त भएको र केहीको गम्भीर अवस्थामा उपचार भइरहेको उल्लेख गरेको छ।

घटनाको जानकारी प्राप्त हुनासाथ दूतावासबाट राजदूत लगायत अन्य कर्मचारीहरू तुरून्त विभिन्न अस्पताल पुगेर बिरामीहरूको अवस्थाका बारेमा जानकारी लिएको जनाइएको छ। सम्बन्धित अस्पताल र कुवेतको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही उपचाररतका लागि समन्वय गरिरहेको पनि दूतावासले जनाएको छ।





भारतको ७९ औं स्वतन्त्रता दिवसको अवसर पारेर स्वामी विवेकानन्द कल्चरल सेन्टरले ललितपुरमा शुक्रबार प्रस्तुत गरेको कथक्कली नृत्य। एन रमनकुट्टीको नेतृत्वको समूहले नाच प्रस्तुत गरेको हो। कार्यक्रममा परराष्ट्रमन्त्री आरजु राणा, ऊर्जामन्त्री दीपक खड्का र सहरी विकासमन्त्री प्रकाशमान सिंह, ललितपुर महानगर प्रमुख चिरिबाबु महर्जन लगायतको उपस्थिति थियो। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

### नयाँ दलहरूमाथि ओलीको असन्तुष्टि

# 'अराजकता मच्चाउन भ्रम छर्दै कुदिराख्या छन्'

**किरण कर्ण**
**जनकपुरधाम, साउन ३०**

प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा नयाँ शक्ति भनेर दाबी गर्नेहरूले जनतामा भ्रम सिर्जना गरिरहेको आरोप लगाएका छन्। जनकपुरधाममा शुक्रबार मधेश प्रदेश प्रहरीको भवन उद्घाटन कार्यक्रममा बोल्दै उनी नयाँ दलहरूमाथि खनिए। नयाँ शक्ति भनेर दाबी गर्नेहरूको देशमा केही योगदान नरहेको दाबी पनि उनले गरे।

उनले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) प्रति लक्षित गर्दै नयाँ भनिएका दलले देशमा अराजकता मच्चाउन भ्रम छरिरहेको बताए। 'केही तत्व देशमा अराजकता फैलाउन, मच्चाउन, कुदिराख्या छन्। आम जनतालाई नयाँ शक्ति हौं भनेर भ्रममा पारिराख्या छन्,' उनले भने, 'नयाँ त भर्खर खोलेका पार्टी भवितव्यले खुलेका पार्टी, नयाँ त हुने नै भए। जसको कुनै योगदान छैन।' जसको आफ्नो योगदान हुन्न उसलाई देशको र व्यवस्थाको माया पनि नहुने उनले बताए।



नयाँ पार्टीतर्फ संकेत गर्दै उनीहरूलाई वर्तमान व्यवस्था अत्यन्तै अप्रिय लागेको उनले बताए। यो व्यवस्था रहिरहने तर केही सुदृढ गरिने उनले उल्लेख गरे।

'हामीले संघर्ष गरेका छौं, त्याग गरेका छौं, बलिदान गरेका छौं आजको स्थितिमा पुग्नका लागि। सहिद र अंगभंग भएका छन् मान्छेहरू। धेरैले शहादत प्राप्त गरेका छन्,' उनले भने।

प्रधानमन्त्री ओलीले संघर्षका दिनमा कोही भूमिगत भएको, कोही जेलनेल व्यहोरेको र लामो संघर्षबाट अहिलेको लोकतन्त्र आएको बताए।

प्रधानमन्त्री ओलीले भने, 'ठूलो क्षतिबाट डेमोक्रेसी ल्याइएको हो, अन्धकार युगबाट देशलाई आजको दिनमा ल्याइएको हो। त्यस कारण जसले संघर्ष गरेर आए उसलाई माया छ, जोगाउन चाहन्छन्,' प्रधानमन्त्री ओलीले भने। जसले संघर्ष गरेको होइन, जसले यो दिन आउन दिन खोजेका थिएनन् उनीहरूले लोकतन्त्र भत्काउन चाहेको पनि उनले बताए।

विभिन्न माग राखेर रास्वा र राप्रपाले लामो समयदेखि संसद बैठक बहिष्कार गर्दै आएका छन्। संसदले उक्त विषयलाई ध्यानकर्षण भएको देखाएको छैन। न त सत्ताधारी दलहरूले दुवै दललाई बोलाएर सोधेको छ। दुवै दलले आफ्ना असन्तुष्टिलाई सरकारले नजअन्दाज गरिरहेको बताइरहेका बेला ओलीले भने त्यसलाई मिहिन तवरले हेरिरहेको संकेत गरे। उनले भने, 'उनीहरू देशलाई बरबादी बनाउन चाहन्छन्। ती संसदमा आएझैं गर्छन्, हाजिर गर्छन्, भत्ता पड्काउँछन्, अनि बाहिर जान्छन्।'

प्रधानमन्त्री ओलीले कांग्रेस र एमालेको संयुक्त सरकारले सुशासन र विकासलाई अघि बढाउन लागिपरेको दाबी गरे। उनले राष्ट्रलाई सुशासनको दिशामा अगाडि बढाउन विनाझन्झट सेवा सुविधा उपलब्ध गराउने अभिभारा सरकारले बोकेको बताए।

'समृद्ध नेपाल, सुखी नेपाली'का लागि नयाँ संकल्पका साथ सरकार अगाडि बढिरहेको उनको भनाइ थियो। मधेश प्रदेश प्रहरीलाई सम्बोधन गर्दै उनले प्रहरीले आफ्नो कर्तव्यनिष्ठ व्यवहार, अपराध, अनुसन्धानलगायत लागूऔषध निन्त्रण तथा देशलाई बर्बादीतर्फ धकेल्ने तत्वतर्फ विशेष सजग र सर्तक हुन जरुरी रहेको बताए।

प्रधानमन्त्री ओलीले शुक्रबार नै धनुषाको मनहरपुरमा हँसपुर खरिहानी सिमगरी सडकको एक कार्यक्रम बीच शिलान्यास गरेका छन्।

### प्रधानमन्त्रीको आसन्न भारत भ्रमण

# इपीजी प्रतिवेदन र सीमा विवाद एजेन्डा

news 24
**काठमाडौं, साउन ३०**

एमाले विशाल भट्टराईले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणलाई उपयोगी बनाउन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रबुद्ध व्यक्ति समूह (इपीजी) को प्रतिवेदन बुझ्ने समय माग्न सुझाव दिएका छन्। काठमाडौंमा शुक्रबार भएको संवाद कार्यक्रममा उनले भारतसँगको सीमा विवाद र अन्य संवेदनशील मुद्दा पनि एजेन्डामा राख्नुपर्नेमा जोड दिए।

'भारतसँग हाम्रो सम्बन्ध गहिरो छ, तर सीमा विवादजस्ता पेचिला विषय समाधान हुनुपर्छ। लिपुलेक, कालापानी, लिम्पियाधुरा नेपालको भूमि हो, यसलाई भारतले स्वीकार गर्नुपर्छ,' उनले भने। प्रधानमन्त्री ओलीकै पालामा नेपालको नक्सामा यी भूभाग समावेश गरिएको र संविधानको अनुसूचीमा राखिएको उनले स्मरण गराए।

उनले खुला सीमाको तथ्य उल्लेख गरे। नेपाल-भारत १८ सय किलोमिटर सिमाना छ र तीनतिरबाट नेपाल भारतले घेरिएको छ। भारतसँग नेपालको व्यापार ६० प्रतिशत छ, ७ लाख नेपाली भारतमा रोजगारीमा छन् भने ९ लाख भारतीय नागरिक नेपालमा काम गरिरहेका छन्। 'भारत पुरानो मित्र हो, तर पुराना समस्या यथावत राख्नु हुँदैन,' उनले भने।

प्रधानमन्त्री ओलीको यो कार्यकाल सुरु भएको १४औं महिनामा भारत भ्रमण तय भएको भन्दै भट्टराईले भ्रमणको एजेन्डा औपचारिक रूपमा अझै तय नभएको बताए। उनका अनुसार भारतीय विदेश सचिव विक्रम मिश्री आइतबार नेपाल आउने छन् र त्यसपछि मात्रै भ्रमणका एजेन्डा निश्चित हुनेछन्।

**१९९० पछि नेपालमा राजनीतिक स्थायित्व नहुँदा शक्ति राष्ट्रहरूबाट ठूलो लगानी आएन। शक्ति राष्ट्र लगानी गर्न चाहन्छन्, तर उनीहरू नेतृत्वको स्थायित्व खोज्छन्।**

**सत्ता सहकार्य २०८४ सम्म**

भट्टराईले कांग्रेस-एमाले गठबन्धन आगामी २०८४ को निर्वाचनसम्म कायम रहने दाबी गरे। उनले ११ महिनापछि प्रधानमन्त्री ओलीले नेतृत्व कांग्रेसका सभापति शेरबहादुर देउवालाई हस्तान्तरण गर्ने बताए। 'हाम्रो ७ बुँदे सहमतिको यो महत्त्वपूर्ण बुँदा हो, यसमा तलमाथि हुँदैन,' उनले स्पष्ट पारे।

भट्टराईले वर्तमान सरकारको कामको बचाउ गर्दै नेपालमा अति नकारात्मकता फैलाउने प्रवृत्ति बढेको गुनासो गरे। 'गठबन्धन टिकाउनु ठूलो कुरा होइन तर राजनीतिक स्थायित्व देशको विकासका लागि अनिवार्य छ,' उनले भने।

**'कस्टमरीजस्तो भ्रमण नहोस्**

उक्त कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टीका नेता डा. सुरेन्द्र झाले प्रधानमन्त्रीको आसन्न भारत भ्रमणलाई 'कस्टमरीजस्तो' हुन नदिने सुझाव दिए। उनका अनुसार विगतमा नेपालका प्रधानमन्त्रीहरूको विदेश भ्रमण तयारीविहीन र परिणामहीन भएका छन्।

'हाम्रा भ्रमण खाने, खुवाउने र हात मिलाउनेमा मात्र सीमित भएका छन्। सम्झौता कार्यान्वयनको अवस्था दयनीय छ,' उनले टिप्पणी गरे। झाले भ्रमणमा जाने प्रधानमन्त्रीले सन्धि-सम्झौताको प्रगति विवरण र राष्ट्रिय प्राथमिकताका एजेन्डा स्पष्ट रूपमा लैजानुपर्नेमा जोड दिए।

झाले नेपालको भौगोलिक अवस्थालाई 'दुई शक्तिशाली राष्ट्रबीचको शीरको सिउँदो' को रूपमा चित्रण गर्दै शक्ति राष्ट्रहरू नेपालको गतिविधि नियालिरहेको बताए। 'नेपाल दुई ढुंगाबीचको तरूल होइन, विश्वका शक्ति राष्ट्रका लागि आकर्षणको केन्द्र हो,' उनले भने।

उनले भारत र चीन दुवैसँग पारदर्शी र राष्ट्रिय स्वार्थकेन्द्रित सहकार्य गर्नुपर्ने सुझाव दिए। 'असंलग्न परराष्ट्र नीति अपनाउनुपर्छ, हाम्रो भूमि अन्य देशको विरुद्ध प्रयोग हुन दिनुहुँदैन,' उनले स्पष्ट पारे।

१९९० पछि नेपालमा राजनीतिक स्थायित्व नहुँदा शक्ति राष्ट्रहरूबाट ठूलो लगानी नआएको उनले बताए। 'शक्ति राष्ट्र लगानी गर्न चाहन्छन्, तर उनीहरू नेतृत्वको स्थायित्व खोज्छन्,' उनले भने।

नेपालको शिक्षा, स्वास्थ्य, रोजगारी र उत्पादन क्षेत्रमा सुधारको आवश्यकता उनले औंल्याए। '२० वर्षपछि नेपाल बुढो समाजमा रूपान्तरण हुन्छ, जनसांख्यिक लाभ लिन अहिले नै योजना बनाउनुपर्छ,' उनले चेतावनी दिए।

झाले प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणबारे पनि प्रश्न उठाए। उनका अनुसार शांघाई सहयोग संगठन (एससीओ) को समिटमा सुरुमा राष्ट्रपति रामचन्द्र पौडेललाई निमन्त्रणा गरिएको थियो, तर जापानसँग सम्बन्ध संवेदनशील हुने कारण राष्ट्रपति कार्यालयले अस्वीकार गरेको थियो। 'प्रधानमन्त्रीले किन जाने निर्णय गर्नुभयो भन्नेबारे स्वतन्त्र विज्ञसँग सल्लाह लिनुपर्थ्यो,' उनले भने।

भ्रमणमा जाने भएपछि ब्युरोक्रेटिक तयारी मजबुत बनाउनुपर्नेमा उनले जोड दिए। 'भारत र चीनसँगको सन्धि-सम्झौतामा हाम्रो पोजिसन प्रष्ट राख्नुपर्छ, मित्रराष्ट्रसँग खुट्टा कमाउनुपर्ने अवस्था आउनु हुँदैन,' उनको निष्कर्ष थियो।

# सात प्रदेशका श्रम प्रतिष्ठान सम्मानित

काठमाडौं। सरकारले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट व्यवस्थापन तथा अभ्यास गर्ने सातै प्रदेशका सात वटा प्रतिष्ठान सम्मानित गरेको छ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा प्रत्येक प्रदेशबाट एक/एक प्रतिष्ठानलाई सम्मानित गरिएको हो। श्रममन्त्री शरत्सिंह भण्डारीले कोशी प्रदेशका बुट्टाबारी टी प्रालि, मधेसको डाबर नेपाल, बागमतीको वरुण वेभरेज, गण्डकीको गोर्खा ब्रुअरी, लुम्बिनीको विजय डिष्टिलरी, सुदूरपश्चिमको महाकाली सुगर र कर्णालीको शुभ होटललाई सम्मानपत्र वितरण गरे।

कार्यक्रममा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्धन, अनुसन्धान, नीतिगत परामर्श र सचेतनामूलक गतिविधिमा योगदान पुर्‍याउने प्राडा सुनिलकुमार जोशीलाई कदरपत्रसहित सम्मान गरिएको थियो।

सम्मानित प्रतिष्ठानहरूलाई बधाई दिँदै मन्त्री भण्डारीले व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको समुचित प्रबन्धबाट श्रमिकको उत्पादकत्व अभिवृद्धि हुने बताए। यसको अभ्यासबाट मुलुकको समग्र आर्थिक एवं सामाजिक विकासमा सकारात्मक प्रभाव पार्ने भन्दै उनले सबै प्रतिष्ठाहरूलाई कार्यस्थल स्वस्थ्य, सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाउन आह्वान समेत गरे। मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले विगतको अभ्यास, अनुभव र कमीकमजोरीका आधारमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको स्थितिमा सुधार गर्दै लग्नुपर्नेमा जोड दिए। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक चक्रपाणी पाण्डेले सम्मानित हुने प्रतिष्ठानहरूलाई २० वटा मापदण्डका आधारमा चयन गरिएको जानकारी दिए।

*रासस*

# पाकिस्तानी दूतावासमा स्वतन्त्रता दिवस समारोह

**काठमाडौं (संवाददाता) –** पाकिस्तानले शनिबार ७९औं स्वतन्त्रता दिवस मनाएको छ। काठमाडौंस्थित पाकिस्तानी राजदूतावासमा आयोजित कार्यक्रममा राजदूत अबरार एच हाश्मीले राष्ट्रिय झण्डा फहराए। कार्यक्रममा पाकिस्तानका राष्ट्रपति आसिफ अली जरदारी को सन्देशमा वाचन गरेर सुनाइयो।



सन्देशमा उनले दिवसले पाकिस्तान बनाउन जति साहस, एकता र बलिदान गरियो, त्यसको सम्झना गराउने उल्लेख गरेका छन् प्रधानमन्त्री मुहम्मद शहबाज शरीफले दिएको सन्देशमा धेरै समस्या आए पनि हरेक क्षेत्रमा अर्थतन्त्रदेखि खेलकुदसम्म, रक्षादेखि प्रविधिसम्म ठूला सफलताहरू हात पारेको उल्लेख गरेका छन्। राजदूत हाश्मीले समारोहमा १९४७ को स्वतन्त्रता संग्राम र त्यसमा शहीद भएकाहरूलाई सम्झना गरे।

# कैलालीमा फेरिए प्रजिअ र जेलर

## डिस्चार्ज दिए पनि ४५ कैदीबन्दी अस्पतालमै

**निराजन परियार**
**कैलाली, साउन ३०**

कैलाली कारागारमा भएको हिंसात्मक झडपको घटनापछि सरकारले प्रमुख जिल्ला अधिकारी र कारागार प्रमुख फेरेको छ। प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाल गृह मन्त्रालय तानिएका छन् भने उनको ठाउँमा कृष्णप्रसाद लम्साल आएका छन्।

जेलर वसन्त खत्रीको ठाउँमा जालन्धर भुसाललाई जिम्मेवारी दिइएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए।

कारागारमा गत साता भएको झडपमा एक जना कैदीको मृत्यु भएको थियो भने ४८ जना घाइते भएका थिए। घटनाका घाइते उपचारपछि निको भए पनि उनीहरूलाई कैलाली कारागारमा फर्काइएको छैन। घटना छानबिनका लागि सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति पनि गठन भएको छ। समितिले घटनाको छानबिन गरिरहेको छ।

बिहीबार कैलाली आइपुगेका प्रजिअ लम्सालले शुक्रबारबाट जिल्ला प्रशासनको कार्यभार सम्हालेका छन्। दाङका प्रजिअ लम्साललाई गृह मन्त्रालयले काजमा कैलाली पठाएको हो।

कारागार घटनामा गम्भीर कमजोरी गरेको भन्दै गृह प्रशासनको कारवाहीमा परेका हमाल भने बिहीबार कैलालीबाट बिदा भएका छन्। जिल्ला छाड्नुअघि उनले कैलालीका सुरक्षा प्रमुखसँग समीक्षात्मक बैठक गरेका थिए।

कारागारमा भएको हिंसात्मक घटनामा घाइते २७ कैदीबन्दीलाई धनगढीस्थित सेती प्रादेशिक अस्पतालले उपचारपछि डिस्चार्ज गरेको छ। तर, पुनः झडप हुने जोखिमका कारण उनीहरूलाई तत्काल कैलाली कारागारमा नल्याइने भएको छ।

प्रादेशिक अस्पतालले बिहीबार नै डिस्चार्ज गरे पनि कारागार प्रशासनले सुरक्षा आकलनपछि अन्यत्र सार्ने तयारी गरेको हो। कारागार प्रमुख जालन्धर




भुसालका अनुसार डिस्चार्ज भएका कैदीबन्दीलाई केही दिन अस्पतालमै राख्ने वा अन्य कारागारमा स्थानान्तरण गर्ने विकल्पमा छलफल भइरहेको छ। 'उहाँहरूलाई कारागारमा ल्याउँदा फेरि केही हुनसक्ने भएकाले अन्यत्र सार्ने तयारी भइरहेको हो,' भुसालले भने। डिस्चार्ज भएकामध्ये तीन जनालाई शुक्रबार जिल्ला कारागार कञ्चनपुरमा पठाइएको छ। बाँकीलाई अन्यत्र स्थानान्तरण गर्नेबारे आफन्त र कारागार व्यवस्थापन विभागसँग समन्वय भइरहेको जानकारी उनले दिए।

अघिल्लो शुक्रबार राति कारागारमा भएको हिंसात्मक घटनामा भरत चौधरीको कैदीको मृत्यु भएको थियो भने ४८ जना घाइते भएका थिए। घाइतेमध्ये तीन जनालाई थप उपचारका लागि काठमाडौं पठाइएको थियो भने बाँकीलाई सेती प्रादेशिक अस्पताल भर्ना गरिएको थियो।

## आजको राशिफल

**मेष** – मान प्रतिष्ठा बढ्ने योग छ। मेहनतको फल पाइनेछ। रमाइला जमघट हुनेछ। गोप्य विषयमा सजगता आवश्यक छ।

**वृष** – आर्थिक प्रलोभनबाट जोगिनु हितकर हुनेछ। अहिलेको लगानीले दिगो लाभ दिने काम हुनेछ। साथीभाइको जमघटमा निम्तो पाइनेछ।

**मिथुन** – रुचिका क्षेत्रमा लगानीका लागि समय अनुकूल छ। अप्ठ्यारो अवस्थामा सहयोग पाइने छ।

**कर्कट** – गरेका काममा अभिभावकको साथ हुनेछ। व्यक्तित्वको प्रभाव बढ्नेछ। व्यापारमा लाभ होला। अँटले काम पुरा हुनेछन्।

**सिंह** – गरेका काममा जस पाइनेछ। आर्थिक लाभ हुने योग छ। मन प्रसन्न हुनेछ। सहयोगी बढ्नेछन्।

**कन्या** – दिन सुखद् रहनेछ। मिष्ठान्न भोजन प्राप्ति होला। धनलाभको योग छ। प्रेम जीवन सफल हुनेछ।

**तुला** – भौतिक स्रोत जुटाउँदै जीवनशैली परिवर्तन गरिनेछ। जीवनसाथीको सहयोग रहनेछ। कार्य क्षेत्रमा अधिकारीमाथि प्रभाव बढ्नेछ।

**वृश्चिक** – प्रतिष्पर्धामा सफल भइनेछ। योजनाका चुनौतीलाई पार लगाउन सकिनेछ। अधिकारका लागि योजना सफल हुनेछ।

**धनु** – अध्ययनमा रुचि बढ्नेछ। सन्तानको साथ रहनेछ। कार्य सम्पादनमा सहयोग पाइनेछ। दिन आनन्ददायक रहनेछ।

**मकर** – कृषि वा पशुपालन लाभ हुनेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ। साथीभाइले सहयोथ गर्नेछन्।

**कुम्भ** – पुराना सम्झौता नवीकरण हुनेछ। धैर्य र पराक्रममा बढ्नेछ। राम्रा सुझाव कार्यान्वयनमा सफलता मिल्नेछ।

**मीन** – सञ्चित धन वृद्धि हुनेछ। व्यापारमा लाभ हुनेछ। संकट पार लगाउन सकिनेछ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
Head Office : Kamalpokhari, Kathmandu Tel: 01-5970306-12
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

ब्याजदर सम्बन्धी सूचना

यस बैंकको मिति २०८२ भाद्र १ गतेदेखि लागु हुने सम्पूर्ण निक्षेप तथा कर्जाको ब्याजदर मिति २०८२ असार ३२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा श्रावण महिनाका लागि प्रकाशित ब्याजदर नै यथावत कायम गरिएकोले सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। ब्याजदर सम्बन्धी विस्तृत जानकारीका लागि यस बैंकको वेबसाइट www.jbbl.com.np वा QR Code Scan गरी हेर्नुहुन हार्दिक अनुरोध गर्दछौं।

# जलेश्वर अस्पतालमा बिरामीलाई सास्ती

**विष्णु गुप्ता,**
**महोत्तरी, साउन ३०**

रंगरोगन गरिएको तीन तले भवन भएको महोत्तरीको जलेश्वर प्रादेशिक अस्पताल हेर्दा बाहिरबाट चिटिक्क देखिए पनि बिरामी र सेवाग्राहीलाई भने सास्ती मात्रै छ। यो अस्पतालमा सामान्य उपचार गराउन पनि औषधि र सामग्री बिरामीले आफैं बजारबाट किन्नुपर्ने बाध्यता छ।

आकस्मिक कक्षमा पनि सिरिन्ज, सलाइन, टाँका लगाउने धागो (प्रोलिन) जस्ता सामग्री छैनन्।

जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरीले बिहिबार एक जना मिस्त्रीको काम गर्ने क्रममा हात काटिएपछि उपचारका लागि इमरजेन्सी शाखामा ल्याउँदा सामान्य उपचार सामग्री नपाएको बताए। अस्पताल १०० शैयाको तर उपचार सामान्य क्लिनिक भन्दा पनि गए गुज्रेको देखेपछि प्रतिक्रिया दिँदै अध्यक्ष चौधरीले भने, 'पहिला हामी रेफरल अस्पताल भन्थ्यौं तर अचेल त उपचार सामग्री नै नभएको अस्पताल पो भएछ !'

सामान्य स्वास्थ्य सामग्री नपाउँदा सबै समान बाहिर बजारबाट किनेर ल्याउनुपर्छ। अस्पतालको अर्को समस्या हो- गर्मी। अस्पतालमा पंखा नचलेका कारण बिरामी र कुरुवा दुवैले धेरै गाह्रो भइरहेको छ।

सर्पले टोकेर ल्याएको नातिको उपचारका लागि



आएका रामप्रसाद महराले रातभर अस्पतालको भुइँमै सुत्नुपर्‍यो। 'बेड छैन भने, पंखा पनि नचल्ने, यस्तो चर्को गर्मी छ यहाँ त बिरामी निको हुने होइन झनै अवस्था बिग्रिन्छ,' उनले गुनासो गरे।

त्यसैगरी, अस्पतालमा पर्याप्त चिकित्सक पनि छैनन्। अस्पतालमा अल्ट्रासाउण्ड गराउन आएका अमिरुल अंसारीलाई चिकित्सक कहिले मिटिङमा, कहिले अपरेशनमा भएको भन्दै घण्टौं पर्खन पर्‍यो। 'एकै जना डाक्टर चार ठाउँमा गएर काम गर्छन्, हामी बिरामी भएर आएका मान्छे कहिलेसम्म कुर्ने ?' उनले गुनासो गर्दै भने।

यता अस्पतालका आकस्मिक कक्ष प्रमुख रामउदित यादव भने अस्पतालमा प्रोलिनबाहेक सबै सामग्री भएको दावी गर्छन् तर सेवाग्राहीहरू भने उनीहरूले दुःख पाइरहेको र अस्पतालका सेवा सुविधासँग असन्तुष्ट रहेको बताउँछन्।

यो अस्पतालमा चार वर्षअघि राखिएको भेन्टिलेटरसहितको आइसियु सेवा आजसम्म चल्न सकेको छैन। दुई वर्षअघि ल्याइएको डायलाइसिस सेवा पनि अझै शुरु हुन सकेको छैन। झन् गम्भीर कुरा के छ भने- अस्पतालका प्रमुख वा व्यवस्थापन समिति कहिले पनि जनगुनासो बुझ्न आउँदैनन्, बोलाउन खोज्दा फोन पनि उठ्दैन। यस्तो अवस्थामा जलेश्वरबासीले उपचारका लागि निकै कष्ट भोग्न परिरहेको छ।

# शिक्षा विधेयकविरुद्ध प्याब्सन मोरङ आन्दोलित

**विराटनगर (संवाददाता)**

प्रस्तावित विद्यालय शिक्षा सम्बन्धी कानुन (विधेयक २०८०) ले निजी क्षेत्रको लगानी र संस्थागत विद्यालयहरूको अस्तित्व नै संकटमा पार्ने भन्दै निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मोरङ आन्दोलित बनेको छ।

शुक्रबार प्याब्सन र एन-प्याब्सन मोरङले संयुक्त रूपमा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र जिल्ला समन्वय समिति मोरङका प्रमुख जीवन गड्तौलालाई ज्ञापनपत्र बुझाउँदै चारवटा मुख्य प्रावधानमा गम्भीर आपत्ति जनाएका हुन्।

प्याब्सन मोरङका अध्यक्ष जगतबहादुर बस्नेत र एन-प्याब्सनका अध्यक्ष दीपक चौलागाईं नेतृत्वको टोलीले बुझाएको ज्ञापनपत्रमा सबैभन्दा पहिला, नाफामूलक रूपमा दर्ता भएका विद्यालयहरूलाई गैरनाफामूलक बनाउने प्रस्ताव तुरुन्त खारेज गर्न माग गरिएको छ। यस प्रावधानले निजी लगानीको आधार नै हटाउने प्रयास गरेको उनीहरूको भनाइ छ।

त्यस्तै, विधेयकमा उल्लेखित 'पूर्ण छात्रवृत्ति' को अस्पष्ट व्यवस्था पनि हटाउनुपर्ने माग गरिएको छ। अध्यक्ष बस्नेतका अनुसार 'पूर्ण छात्रवृत्ति' को परिभाषा प्रस्ट नभएकोले पोसाक, यातायात, होस्टेल जस्ता सबै सुविधा निःशुल्क दिनुपर्ने अवस्था आउन सक्छ, जुन व्यवहारमा सम्भव छैन।

प्याब्सनले अहिले लागू भएको कुल विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्तिको व्यवस्था कायम राखी त्यसमा भर्ना, वार्षिक र मासिक शुल्क मात्रै समेट्न माग गरेको छ।

प्याब्सनका केन्द्रीय उपाध्यक्ष टीकाराम ढकालले भने, 'यो विधेयक संशोधन नगरी पास गरिए निजी विद्यालयहरू बन्द गर्नुबाहेक अरू विकल्प हुँदैन। उनले थपे, 'सरकारले छात्रवृत्ति १० बाट १५ प्रतिशत पुऱ्याउने प्रस्ताव गरेको छ, जुन अहिलेको अवस्थामा निजी विद्यालयहरूले थेग्न सक्दैनन्।'

प्याब्सनका अनुसार निजी क्षेत्रले विगत तीन दशकमा ६ खर्ब रुपियाँभन्दा बढी लगानी, ४ लाख मानिसलाई रोजगारी र मुलुकका ३४ प्रतिशत विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिँदै आएको छ। तर, राज्यले त्यसको मूल्याङ्कन नगरी निजी विद्यालयहरूलाई कमजोर बनाउन खोजेको आरोप लगाइएको छ।

सरकारलाई भदौ ७ गतेसम्म समय दिँदै प्याब्सनले माग सम्बोधन नभए दोस्रो चरणको आन्दोलन गर्ने चेतावनी दिएको छ। अध्यक्ष बस्नेतले यो केवल मोरङको होइन, देशभरका निजी विद्यालय सञ्चालकहरूको साझा चिन्ता भएको स्पष्ट पारेका छन्।

# चक्रे मिलन धरौटीमा छुटे

काठमाडौं, (संवाददाता) - गुन्डा नाइकेका रूपमा चिनिने मिलन गुरुङ उर्फ चक्रेमिलनलाई जिल्ला अदालत भक्तपुरले एक लाख दस हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ।

न्यायाधीश रामप्रसाद न्यौपानेको इजलासले ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा पक्राउ परेका चक्रे मिलनलाई धरौटीमा छाड्न आदेश दिएको हो। साउन १५ गते राति काठमाडौंको एक होटलमा जन्मदिनको पार्टी मनाइरहेका बेला प्रहरीले उनलाई पक्राउ गरेको थियो। चक्रेविरुद्ध साउन २३ गते सरकारी वकिलको कार्यालयमा बयान गराइएको थियो भने आज अदालतमा बयान र थुनछेक बहस सकिएपछि धरौटीमा रिहा गरिएको हो। उनीमाथि २०८१ साल भदौ १० गते भक्तपुरको मध्यपुरथिमी-२, दिव्यश्वरी प्लानिङस्थित तावा रेस्टुरेन्टमा आफ्नै भतिज मनिष रायमाझीमाथि खुकुरी प्रहार गरेको आरोप छ।

रायमाझीका काका दिनेशकुमार रायमाझीले दिएको जाहेरीका आधारमा चक्रे मिलनसहित अन्य व्यक्तिहरूमाथि ज्यान मार्ने उद्योगको कसुरमा मुद्दा दर्ता गरिएको हो। जाहेरीमा उल्लेखअनुसार, रायमाझीको दुवै कोखमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाइएको थियो। यसअघि चक्रे मिलन अभद्र व्यवहारसम्बन्धी अर्को मुद्दामा ३०हजार धरौटीमा रिहा भएका थिए। त्यसपछि उनलाई भक्तपुर प्रहरीको जिम्मा लगाइएको थियो, किनभने सोही ठाउँमा अर्को मुद्दा विचाराधीन थियो।

# लुम्बिनी रास्वपाले संगठन विस्तार र सुशासन अभियान चलाउँदै

**प्रकाश न्यौपाने**
**भैरहवा, साउन ३०**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम सुरु गरेको छ। पार्टी संगठनलाई स्थानीय तहसम्म विस्तार गर्ने उद्देश्यसहित भैरहवामा दुई दिने प्रशिक्षण कार्यक्रम शुक्रबारदेखि शुरु भएको हो।

लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला, क्षेत्र र स्थानीय तहका २५० प्रतिनिधिहरू सहभागी छन्।

रास्वपाका केन्द्रीय सहमहामन्त्री तथा प्रशिक्षण विभाग प्रमुख विपिनकुमार आचार्यले बागमती र कोशीपछि लुम्बिनीमा तेस्रो चरणको प्रदेशस्तरीय प्रशिक्षण सुरु गरिएको जानकारी दिए। 'हामी संगठनलाई पालिकास्तरसम्म लैजाने लक्ष्यसहित अगाडि बढिरहेका छौं,' उनले भने, 'प्रशिक्षणको माध्यमबाट पार्टीका नीति, कार्यक्रम र दृष्टिकोणलाई तल्लो तहसम्म पुऱ्याउन चाहन्छौं।'

आचार्यका अनुसार प्रशिक्षण रुपन्देही-३ मा हुने उपनिर्वाचनलाई लक्षित गरेर नभई पार्टीको दीर्घकालीन संगठन विस्तार योजनाअन्तर्गत गरिएको हो।

पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले पनि रास्वपाको विचार, नीति र कार्यदिशा जनतासम्म पुऱ्याउन प्रशिक्षण कार्यक्रम प्रभावकारी हुने बताए। 'कतिपय पालिकामा अझै समिति गठन हुन बाँकी छ,' उनले भने, 'हाम्रो मूल उद्देश्य सबै पालिकामा संगठन बनाउने र पार्टीलाई बलियो बनाउने हो।'



उनका अनुसार प्रशिक्षणमा केन्द्रले दिने निर्देशनबाहेक तल्लो तहका अपेक्षा र सुझाव पनि संकलन गरिनेछ। साथै, आगामी २०८४ सालको आमनिर्वाचनलाई ध्यानमा राख्दै देशभर ४ हजार सक्षम उम्मेदवार तयार गर्ने अभियान अन्तर्गत संगठन विस्तार भइरहेको उनले जनाए।

रुपन्देही-३ को उपनिर्वाचनको सन्दर्भमा महामन्त्री बुर्लाकोटीले परिवर्तन चाहने स्वतन्त्र र समान सोच भएका व्यक्तिहरूलाई एक ठाउँमा ल्याउने प्रयास भइरहेको बताए।

प्रदेश सभापति देवराज पाठकले प्रशिक्षणमा प्रदेशका विभिन्न तहका प्रतिनिधिहरूको सहभागिता रहेको र पहिलो दिन ९ जना सम्भावित उम्मेदवारलाई सार्वजनिक रूपमा प्रस्तुत गरिएको जानकारी दिए। कार्यक्रमको उद्घाटन कार्यवाहक सभापति डीपी अर्यालले गरेका हुन्। पहिलो दिनको प्रशिक्षणमा महामन्त्री बुर्लाकोटी, कोषाध्यक्ष लीमा अधिकारी, केन्द्रीय सदस्य सुमना श्रेष्ठ, तोषिमा कार्की र क्रान्तिशिखा धितालले आ-आफ्ना विषयमा प्रशिक्षण दिएका थिए।

शनिबारको सत्रमा उपसभापति स्वर्णिम वाग्लेले 'अर्थ-राजनीतिक धार' तथा लुम्बिनीको आर्थिक सम्भावनामाथि प्रशिक्षण दिनेछन्। प्रवक्ता मनिष झा, सहमहामन्त्री आचार्य र केन्द्रीय प्रशिक्षण विभाग सचिव कमल सुवेदीले पनि प्रशिक्षण दिने कार्यक्रम छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

Deepak Thapa
Managing Director

Sadiksha Overseas
Requirement Recruited Talent Delivered

Samakhusi-26, Kathmandu, Mobile: 9851000327
md@sadiksha.com.np, www.sadiksha.com.np

## सम्पादकीय

# कार्यसम्पादन सम्झौताको सार्थकता

*प्रधानमन्त्री केपी शर्मा ओलीले चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका लागि उपप्रधानमन्त्रीद्वय र मन्त्रीहरूसँग बिहीबार कार्यसम्पादन सम्झौता गरेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री र नेपाल सरकारका मुख्यसचिव बीच कार्यसम्पादन सम्झौता गरेको बेहारा जनसमक्ष आएको छ।*

*सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न, प्रारम्भ गरिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधार गर्न कार्यसम्पादन सम्झौता गरिएको बताएको छ। सम्झौतामा अनुसूचीसहित विभिन्न खण्डमा विभाजित कार्यसम्पादन सम्झौतामा सरकार गठन भएको पहिलो सय दिन (२०८१ कात्तिक ६ गते) सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, दोस्रो सय दिन (२०८१ माघ १७) सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, आर्थिक वर्ष २०८१/०८२ को बाँकी अवधिमा गर्नुपर्ने काम र हासिल हुने उपलब्धिका विषय समावेश गरिएको जनाइएको छ। यो सम्झौतापछि सम्बन्धित मन्त्रालयका सचिवहरूसँग मन्त्रीतहले कार्यसम्पादन सम्झौता गर्नेछ। त्यसपछि क्रमश विभागीय प्रमुखसँग सम्झौता हुनेछ। लाग्छ यो श्रृंखला पूराहुन केही साता वा महिना नै पनि लाग्नसक्छ।*

*स्वभाविक रुपमा कुनै पनि कामको उद्देश्य प्रकाशित हुनुपर्दछ। कुनै कामको उद्देश्य स्वतःसिद्ध हुन्छ भने कुनैको उद्देश्य यसो यसो हो भनेर समयक्रममा स्पष्ट हुँदै जान्छ। यो हालको सम्झौताप्रति उठेको जिज्ञासालाई अस्वभाविक मान्न सकिन्न। अहिलेको गरिएको संम्झौताको लर्को प्रधानमन्त्रीले मन्त्रीसँग, मन्त्रीले सचिवसँग, सचिवले, महानिर्देशक, निर्देशक गर्दै कार्यालय प्रमुखहरूले हरेक कर्मचारीसँग सम्झौता हुदै जान्छ। तर 'यो यो काम, यसरी यसरी, यो यो समयमा सक्ने' भनेर अहिले प्रधानमन्त्रीद्वारा भएको सम्झौताले सरकारी पदमा बहाल हुनासाथ कर्मचारी वा मन्त्रीहरूले काँधमा जिम्मेवारी स्वत आउनु पर्ने हो। अब कर्मचारी सम्झौता पर्खेर बस्ने हुन् कि भन्ने प्रश्न उब्जेको छ। योग्यता र दक्षताका हिसाबले पदमा बहाल हुनासाथ कामको जिम्मेवारी लिएर लक्ष्य पूर्ण गर्न तिर लाग्ने स्वभाविक बुझाइलाई पनि प्रधानमन्त्रीको यो नयाँ कदमले खण्डित गरेको छ। जब मन्त्रीको काम मन्त्रालयको लक्ष्य तथा कार्यक्रमलाई टुंगोमा पुर्‍याउनु छ, कर्मचारी प्रशासनले सो कार्यलाई अघि बढाउने दैनिक प्रशासनलाई चुस्त बनाउनु छ भने यो नयाँ सम्झौताको नौटंकी किन ?*

*यसले कागजी प्रक्रिया पुरागर्ने नेपाली बुज्रुकपनलाई पनि प्रष्ट पार्छ। कागजी प्रक्रिया पुर्‍याउनमा माहिर प्रशासनतन्त्रले लक्ष्य पुरा गर्ने तर्फ, महत्वांकाक्षी योजना ल्याउने वा त्यसलाई मूर्तरुप दिनेतर्फ जागरुक भएको कहिले पनि देखिएको छैन। प्रशासनतन्त्रले सदैव आफ्नो गतिहीनताको दोष राजनीतिक नेतृत्वलाई दिने गरेको छ। उता राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रबाट सदैव असहयोग पाएको राग अलापिरहन्छ। सम्झौताको यो नयाँ कदमले दुवैले दुवैलाई अल्मलाएर जनताको आँखामा छारो हाल्ने काम गरेको प्रतित हुन्छ। सरकारको यो नयाँ काम त विद्यालयमा पढाउन जानुअघि शिक्षकले कक्षा शिक्षकसँग, कक्षा शिक्षकले प्रधानअध्यापकसँग के के पढाउने, कसरी पढाउने भनेर सम्झौता गरेजस्तै देखियो। यदि त्यसो हो भने शिक्षक नियुक्त हुँदा उसको जिम्मेवारी के थियो ? भन्ने प्रश्न उठेजस्तै के कर्मचारी नियुक्त भएदेखि नै आफ्नो जिम्मेवारीको काम गर्ने उसको दायित्व होइन र ? के मन्त्री पदमा नियुक्त भएदेखि नै जनताको सेवाको लागि के के गर्न सकिन्छ त्यो गर्ने होइन र ?*

*हाल लोकरिझ्याँइ (पपुलिज्म) को मारमा परेर राजनीतिकर्मीहरूले आफ्नो दायित्व र कर्तव्यबाट बिमुख भइरहेको पाइन्छ। उपलब्ध स्रोतको परिचालन गरेर आफू मातहतको निकायलाई कसरी धेरैभन्दा धेरै गतिशील बनाउने भन्ने ध्यान राजनीतिक पदमा बहाल हरूमा नदेखिनुलाई अस्वभाविक नठान्ने हो भने पनि स्थायी सरकारको रुपमा रहेको प्रशासन संयन्त्रले पनि त्यतातर्फ अग्रसर नहुनुले 'सरकारी काम कहिले जाला घाम' लाई नै निरन्तरता दिइरहेको पाइन्छ। नत्र आफ्नो मन्त्रालय र निकायको काम समयमा सक्न 'म समयमै काम सक्नेछु' भनेर सम्झौता गर्नुपर्छ ?*

*सरकारले सवारीचालक प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, पासपोर्ट लगायतका जनताका अत्यावश्यक कागज त समयमै छापेर दिन सकेको छैन भने यो नयाँ सम्झौताको नाटक किन ? राष्ट्रिय गौरवका आयोजनाका काम अदालतको पेशीभन्दा चर्को गरी पर सरेको सत्यै छन्। जिम्मेवार सचिव विभागीय प्रमुख र कार्यालय प्रमुखहरू नीति नियम र मापदण्ड हुँदाहुँदै बेला कुबेला सरुवा गर्ने र संस्थागत स्मरण अर्थात इन्स्टिच्युसनल मेमोरी कुनै कतै सरकारका कार्यालयमा त के सरकारका उच्चतहमा समेत पाइदैन।*

*यस्तो अवस्थामा दण्ड र पुरस्कारको व्यवस्था सहितको संझौता नै भएपनि यो निरर्थक ठहर्छ। यसअघि पनि यस्तै सम्झौता भएर पनि परिणाम खासै सन्तोषजनक भएन। त्यसैले यसपटकको कार्यसम्पादन सम्झौता जिम्मेवारी पन्छाउने र झारा टार्ने काम बाहेकको अर्थ दिदैन। पुरानो भनाइ नै छ मालिकले छोरालाई अह्रायो छोराले नोकरलाई अह्रायो नोकरले कुकुरलाई अह्रायो कुकुरले पुच्छर हल्लायो सकियो। हामी चाहन्छौं यस्तो नहोस्।*

## जेन कथा

### थाहा

एक दिन च्वाङ त्जु र उनका एक जना साथी पोखरी किनारमा बसिरहेका थिए। च्वाङ त्जुले आफ्ना साथीलाई भने, 'माछाहरू पौडेको हेर त। तिनीहरू कति आनन्दित छन्।'

साथीले भने, 'तिमी त माछा हैनौ नि, अनि तिनीहरू आनन्दित छन् भनेर कसरी थाहा पायौ त ?'

'तिमी म त हैनौ नि,' च्वाङ त्जुले भने, 'उसो भए मैले माछाहरू आनन्दमा छैनन् भन्ने थाहा पाउँदिन भनेर कसरी थाहा पायौ ?'



# व्यवहार बदल्न सोच बदलौं



**डा. गोविन्दप्रसाद कुसुम**

हरेक मानिसको सोच फरक-फरक हुन्छ। फरक हुनुको कारण ऊ उपर हुने आन्तरिक र बाह्य कार्य-प्रतिकार्यको अवस्थाको प्रभाव हो। फरक-फरक सोच भए पनि जब लाभ र हानीको कुरा आउँछ, स्वार्थसँग जोडिएकाहरूको छुट्टै समूह तयार हुन्छ र त्यही स्वार्थले मानिसलाई दायाँ-बायाँ, अगाडि-पछाडि हिँडाइरहेको हुन्छ।

स्वार्थका अगाडि सदाचारयुक्त वास्तविकताको पक्ष ओझेलमा पर्छ। सदाचार र नैतिकताबारेको दर्शनशास्त्रले नैतिक तर्क र कार्य कारणले मूल्य-मान्यतालाई सही आकारमा परिवर्तन गर्नेतर्फ जोड दिन्छ। परिणामतः व्यक्तिमा उत्तरदायी, न्यायपूर्ण र करुणा भावयुक्त व्यवहारको विकास हुन्छ। यदि कुनै व्यक्तिले सफलता भनेको धन कमाउनु हो भन्ने विचार राख्छ र धन प्राप्त गर्नको लागि हुने-नहुने काम गर्छ भने उसका लागि धन प्राप्ति मात्र सफलताको द्योतक होला तर यथार्थमा त्यो होइन।

अपितु सफलता भनेको समाजको उत्थान हो, राष्ट्रको समृद्धि हो। यसका लागि असल काम गर्नु हो भन्ने विचार यदि आउँछ भने विचारको त्यो एउटा पाटोबाट अर्को पाटोमा सकारात्मक परिवर्तन भएको मानिन्छ। र, यही वैचारिक परिवर्तनबाट व्यवहारमा परिवर्तन हुन्छ। ज्ञानको सिद्धान्तले हामीलाई के थाहा छ र हामीले कसरी थाहा पाउँछौं भन्ने पक्षलाई सूक्ष्म तरिकाले व्यवस्थित ढाँचामा परीक्षण गर्दछ।

यो परीक्षणअनुसार मानिसको सोचलाई समृद्ध बनाउने काम नयाँ ज्ञान, अनुभव र विभिन्न क्रियाकलापजन्य व्यवहारबाट हुन्छ। जब सत्यको प्रकटीकरण हुन्छ, सोचमा परिवर्तन आउँछ। जब सोचमा परिवर्तन आउँछ, तब व्यक्तिको व्यवहारमा पनि परिवर्तन देखिन्छ। सत्यको प्रकटीकरण ढिलो देखा पर्छ वर्षामा बादलले सूर्यलाई छोपेसरी।

निराशावादी सोचले जसरी हाम्रो समाजको विभिन्न अङ्गलाई रोगी बनाएको छ, त्यो सुन्दा र बुझ्दा यस्तो लाग्छ- अब यहाँ केही हुनेवाला छैन, सबै बिग्रिसक्यो, खत्तम नै भइसक्यो। अर्थतन्त्र उठ्न सक्दैन। बेरोजगारी समस्या निराकरण हुँदैन, आदि आदि। के साँच्चै हाम्रो समाज यति निराश भइसकेको छ ? के हामीले मुलुकको उन्नतिका लागि केही गर्नै सक्दैनौं ?

बीसौं शदीका अस्तित्ववादी विचारक जाँ-पाल सार्त्रेका अनुसार मानिसको स्वतन्त्रताका साथै जिम्मेवारी पनि हुन्छन्। स्वतन्त्रता उपभोग गर्दा जिम्मेवारी बोध हुनैपर्छ र उक्त जिम्मेवारी पूरा गर्नुपर्छ। केही गर्नै सकिन्न भन्ने सोच्नु उसको स्वतन्त्रता हो तर त्यसले समाज र समूहलाई कस्तो नकारात्मक प्रभाव पार्छ भन्ने बारेमा जिम्मेवार हुनुपर्छ।

निज दार्शनिकको उपरोक्त विचारलाई सिरानी राखेर विश्लेषण गर्ने हो भने नकारात्मक सोचले नकारात्मक व्यवहार देखाउँछ, जसले गर्दा सिङ्गो संस्था वा समाज नकारात्मक हिसाबले प्रभावित हुन्छ। परिणामतः व्यक्तिको ऊर्जा घट्छ, गलत सोच आउँछ र आफैं हारेको जस्तो देखिन्छ। यदि हामीले यो ठाउँमा केही पनि हुन्न, केही गर्नै सकिन्न भन्ने विचार मनमा राखेर हिँडिरह्यौं र सोहीअनुसारको कार्य गर्दै गयौं भने, त्यसले स्वदेश र विदेश सबैतिर हाम्रो मुलुक र समाजको छविलाई धुमिल बनाउनेबाहेक केही गर्दैन।

जर्मन दार्शनिक इमान्युयल कान्टले सही सोचका लागि नैतिक कर्तव्य पूरा गर्नुपर्नेमा विशेष व्याख्या गरेका छन्। वास्तवमा नैतिकताको आधार कर्तव्य पालनासँग सम्बन्धित हुन्छ, न कि व्यक्तिगत लाभ र भावनासँग। यदि झुटो बोल्नु सार्वभौम सत्य हुने हो भने 'सत्य' भन्ने विषय नै रहने थिएन।

त्यसो हो भने, के नकारात्मक सोचको आधार झुट हो ? सबै नकारात्मक सोचका पछाडि झुटले खेती गरिरहेको छ भन्ने होइन। कतिपय विषयमा झुट लुकेको हुन्छ। विषयवस्तुको गहिराइमा गएर सत्यतथ्यको बैज्ञानिक अध्ययन-विश्लेषण नगरी कुनै उद्देश्य पूरा गर्ने प्रयोजनका लागि नकारात्मक भाष्य निर्माण गरेर कुनै व्यक्ति वा तत्व सामाजिक सञ्जालभित्र प्रवेश गर्छ भने त्यहाँ क्रमशः सत्य ओझेलमा पर्छ र सामाजिक चेत एकोहोरो हुनगई दिमागमा नकारात्मक धारणाले घर बनाउँछ।

नाजी जर्मनीका प्रोपोगाण्डा मन्त्री जोसेफ गोबेल्सले एउटा झुटलाई पटकपटक सत्य हो सत्य हो भनिरह्यो भने त्यो झुट पनि सत्य हुन्छ भनेझैं आजको कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) को युगमा असत्यलाई सत्य वा सत्यलाई असत्य गराउने धेरै मेहेनत गर्नु पर्दैन।

**नकारात्मक भाव किन?**

दिमागमा नकारात्मक भाव आउने कारणमध्ये पहिलो कारण त बाइलोजिकल सर्भाइभल इन्स्टिंक्ट नै हो, जसले भय र त्रासबाट बच्न सदैव सतर्क रहनुपर्छ भन्ने मानसिकतालाई दिमागभित्र बसाएको हुन्छ र नकारात्मक भाव सिर्जनागरेको हुन्छ।

नकारात्मक सोचले व्यक्तिलाई दिशा निर्देश गरेको हुन्छ। फलतः म खतरामा पर्छु, अमुक व्यक्ति खतरनाक छ जस्ता मनोभाव उठ्छन्। विगतका दुःखदायी घटनाले पनि मानिसमा जीवन यस्तै हो केही हुँदैन, वा देशले केही गर्दैन वा सरकारले कामै गर्दैन भन्ने विचार जगाउँछ। माओवादी द्वन्द्वपछि पीडितहरूमा यसप्रकारको भावना रहेको बुझ्न सकिन्छ। सामाजिक सञ्जाल र सञ्चारको क्षेत्रका प्लेटफर्महरूमा प्रस्तुत गरिने अनधिकृत विचारले समेत नकारात्मकता पैदा गराउँछ। मिसइन्फर्मेसन र डिसइन्फर्मेसनले व्यक्ति र समूहलाई असत्यलाई सत्य मानेर हिँड्नुपर्ने वातावरण तयार पार्ने गर्छ। मिसइन्फर्मेसन भन्दा डिसइन्फर्मेसन ज्यादै खतरनाक हुन्छ।

> **कर्मचारीउपर आम मानिसको धारणा सकारात्मकभन्दा पनि नकारात्मक बढी भएको पाइन्छ। कर्मचारी सबै घुस्याहा हुन् भन्ने पूर्वनिर्धारित मानसिकताले सेवाग्राहीलाई प्रभावित गरेको छ। के साँच्चै सबै कर्मचारी घुस्याहा हुन्छन् ?**

बीसौं बताब्दिको सत्तरीको दशकमा केजीवीले 'डिसइन्फर्मेसन' को माध्यमबाट भारतीय काँग्रेसका एक जना उपल्लो तहका उदीयमान नेताको राजनीति नै समाप्त पारेको थियो। एउटा यस्तो नक्कली पत्रपत्रिकामा छापियो, जसले ती राजनीतिक नेताद्वारा पाकिस्तानबाट पैसा लिएको भनिएको थियो। यसले गर्दा ती नेताले संसदीय चुनाव हारेका समेत थिए।

नकारात्मक भावले नकारात्मक भाष्य निर्माण गर्न सहयोग गर्छ। नकारात्मक भाष्यले सही बाटोमा हिँडिरहेकोलाई दिग्भ्रमित बनाउँछ। परिणामतः उसले बाटो बिराउँछ। यस परिप्रेक्ष्यमा हेर्दा समूह वा व्यक्तिमा नकारात्मक भाव सिर्जना गर्ने गराउने काममा जे जति दृश्य र अदृश्य कारक र कर्ताहरू हुन्छन्, तिनीहरूको क्रियाकलापलाई उत्साहित पार्ने काम नैतिक कार्य हुन सक्दैन। नकारात्मक सोचको यो एउटा पक्ष हो, जुन आजको समाजमा फैलिँदैगएको छ।

दोस्रो पक्ष हो व्यक्तिमा देखिने त्यसप्रकारको नकारात्मक सोच जुन अवसाद, निराशा, हतासा वा उदासीका कारणले आउँछ। यसप्रकारको अवसाद मूलतः एकप्रकारको रोग हो, जसको उपचार गर्न सकिन्छ र त्यसप्रकारको अवसादबाट निजाद पाउन सकिन्छ। यदि समय छँदै उपचार भएन भने, व्यक्तिमा आत्महत्या गर्ने विन्दुसम्म पुग्ने डर रहन्छ। अहिलेको विषय दोस्रो प्रकारको नकारात्मक सोचका बारेमा लेख्नु होइन। पहिलो प्रकारको नकारात्मक भावका बारेमा चर्चा चलाउनु हो।

**कर्मचारीतन्त्रलाई हेर्ने दृष्टिकोण**

कर्मचारीउपर आम मानिसको धारणा सकारात्मकभन्दा पनि नकारात्मक बढी भएको पाइन्छ। कर्मचारी सबै घुस्याहा हुन् भन्ने पूर्वनिर्धारित मानसिकताले सेवाग्राहीलाई प्रभावित गरेको छ। के साँच्चै सबै कर्मचारी घुस्याहा हुन्छन् ? पटक्कै होइन, कर्मचारीहरू जो सार्वजनिक सेवा प्रवाहको अग्रपङ्तिमा बसेर सेवा प्रदान गर्ने जिम्मेवारी बोकका हुन्छन्।

उनीहरू मध्येका केहीले व्यावसायिक सदाचार र नैतिकतालाई बिर्सेर घुस लिने वा समयमा काम नगरिदिने, दुःख दिने, तुरुन्तै हुने कामका लागि पनि भोलि आउनुस् भन्नेजस्ता व्यवहारले आम सेवाग्राहीहरूले कर्मचारीलाई घुस्याहाको रूपमा देख्ने गर्छन्। यसरी व्यावसायिक नैतिकतालाई छोडेर बेइमानीपूर्ण काम गर्दा सिङ्गो कर्मचारीतन्त्र बद्नाम हुने गर्दछ। भ्रष्टाचार परिणाम हो, कारण धेरै छन्। त्यसका बारेमा बेग्लै बहसको आवश्यकता हुन्छ।

वास्तवमा कर्मचारीहरू जनताका सेवक हुन्। जनताले तिरेको करबाट पारिश्रमिक लिनेहरू सबै जनताका सेवक हुने भएकोले सिङ्गो कर्मचारी मात्र होइन, अन्य क्षेत्रमा बसेर राज्यको कोषबाट पारिश्रमिक लिनेहरू सबैको कानुनी र नैतिक कर्तव्य हो, आम नागरिकको सेवा र सुविधाका लागि दिलैदेखि काम गर्नु। यसरी काम गर्दा जहिले पनि आफ्नो व्यावसायिक सदाचारितालाई मनमा राखेर, सकारात्मक सोच लिएर काम सम्पादन गर्नु जरुरी छ। यहाँनेर सोच परिवर्तनको विषय पनि उठ्छ। सदाचार र नैतिकता निष्ठा र मूल्यजस्ता विषय कर्मचारीतन्त्रको संस्कार बन्नु जरुरी छ।

त्यसैमा पनि प्रशासनिक विधिशास्त्रीय हिसाबले कर्मचारीतन्त्रले असल शासन स्थापित गर्ने, सङ्घीय प्रणालीप्रति जनविश्वास बढाउने, नागरिकको सुरक्षा र अधिकारको संरक्षण गर्ने र राजनीतिक तथा विषयगत संस्थाहरूउपर नागरिकहरूको विश्वसनीयता बृध्दिगर्नेजस्ता कामहरू गर्नुपर्छ, गरिरहेको हुन्छ। यसमा कर्मचारीहरूकै क्रियाशीलता प्रमुख तत्व हुनेहुँदा आफ्नो सोचलाई सदाचार र नैतिकताको माध्यमबाट उम्दारूपमा नागरिकहरूले महसुस गर्नेगरी व्यवहारमा रूपान्तरण गर्नु जरुरी छ।

जसरी कर्मचारीको व्यवहार र पेसागत सदाचारबारे बरोबर प्रश्न उठाइने गरिन्छ, त्यसबाट सिङ्गो कर्मचारीतन्त्रले आफ्नो समीक्षा र मूल्याङ्कन आफैंले गर्नुपर्ने स्थितिलाई उजागर गरेको छ। अर्कोतिर कर्मचारीका पनि आफ्नै गुनासाहरू रहेको सुन्न र बुझ्न पाइन्छ।

कर्मचारीलाई मूलतः राजनीतिक दबाबमा काम गर्नुपर्ने स्थितिले कर्मचारीको कार्यसम्पादन चाहेजस्तो हुनसकेको छैन। राजनीतिक नेताहरूको दबाब सङ्घमा मात्रै होइन स्थानीय र प्रदेश तहमा पनि उत्तिकै रहेकोले जसरी हुन्छ जागिर जोगाएर काम गर्नुपर्छ भन्ने मानसिकता धेरै कर्मचारीहरूमा रहेको छ। कर्मचारी ट्रेड युनियनदेखि नेतालाई खुसी बनाउन सकिएमा मात्र आफ्नो वृत्तिविकास सुनिश्चित हुने विश्वासमा काम गर्ने कर्मचारीहरूको कमी छैन। सबै कर्मचारी यस्तै छन् भन्ने होइन। दबाबको बेवास्ता गरेर काम गर्ने कर्मचारीहरू धेरै छन्। उनीहरूबारे खासै चर्चा हुँदैन।

कारण चर्चा त नकारात्मक पक्षको विषयमा धेरै हुन्छ। सायद, राजनीतिक नेता वा मन्त्रीले कर्मचारीले हामीलाई सहयोग गरेनन् भन्ने जुन सोच उनीहरूमा छ, त्यसको पछाडि दबाबलाई पन्छाएर काम गर्ने कर्मचारीहरूको कारणले हुनसक्छ। जे होस, एउटा प्रष्ट कुरा के हो भने, सकारात्मक सोचको विकास कर्मचारीका साथै शासकीय मामिला हेर्ने राजनीतिक, प्रशासनिक, प्राविधिक लगायतका सबैको सन्दर्भमा उत्तिकै रुपमा हुनु आवश्यक रहेको छ।

*कुसुम लोकसेवा आयोगका पूर्व अध्यक्ष हुन्।*

# हामीजस्तै हाम्रा भगवान् !



**रामप्रसाद धिताल**

चाणक्य नीतिमा एउटा प्रसंग आउँछ, त्यसको भावार्थ यस्तो छ- ईश्वर न काठको कलामा छन्, न त ढुंगाको मूर्तिमा, न माटो वा धातुबाट बनेका प्रतिमामा नै। उनी छन् त केवल भावमा।

सनातन वैदिक धर्ममा व्यक्तिको बुद्धि, विवेक र क्षमताको तहअनुसार आधारमा ईश्वरको आराधना गर्ने विधि बताइएको छ। कसैले ध्यान गरेर निराकार ईश्वरसँग साक्षात्कार गर्ने प्रयास गर्छन्। कसैले वेदका मन्त्रोच्चारण गरेर उनको आराधना गर्छन्। कतिले पुराणका मन्त्रपाठ र त्यहाँ बताइएका विधिले भगवान्‌को निकटता पाउन खोज्छन्। कसैले धातु वा शिलाको मूर्ति वा चित्रकारले कोरेका चित्रमा ईश्वरको प्रतिरूप देख्छन्। तिनको पूजाआराधना गर्छन्।

कतिपयले प्रकृतिका विभिन्न वस्तुलाई देवता मान्छन्। पशुपक्षीलाई पनि देवताकै रूप मान्छन्। जल (पानी), वृक्ष, पर्वत र आकाश आदिलाई ईश्वरका रूपमा पूजा गर्छन्। सनातन धर्मावलम्बी गाईलाई लक्ष्मीका रूपमा पुज्छन्। सर्प वा नागको पूजा गर्छन्। सनातन धर्मग्रन्थमा भगवान्‌ले विभिन्न समयमा पशुपक्षीको अवतार लिएको पनि उल्लेख छ।

ध्यानद्वारा प्राप्त गर्न खोजिने ईश्वर आकारविहीन हुन्छन्। अर्थात् निराकार हुन्छन्। मूर्ति वा चित्रमा देखिने ईश्वर आकारयुक्त हुन्छन्। त्यसैले ईश्वरसँग निकटता व्यक्तिको भावमा फरक पर्छ। यसै गरेर ईश्वरको आराधना गर्ने भन्ने सटिक सूत्र छैन। आ-आफ्ना परम्पराबाट निर्देशित हुन्छन्।

यसरी आराधना गरिने हाम्रा भगवान् ईश्वर पनि हामीजस्तै छन्। चाणक्यले भनेजस्तै हाम्रो भावना जस्तो हुन्छ, हाम्रा ईश्वर पनि त्यस्तै भइदिन्छन्। त्यसैले हामी बिहान-दिउँसो-साँझ उनको आराधना गर्छौं। उनलाई सम्झिन्छौं। मानिसको सबैभन्दा नजिकको साथी पनि हुन्, ईश्वर। दोस्रो व्यक्तिलाई सुनाउन नसकक्ने कुरा पनि ईश्वरलाई नै सुनाउँछौं। हामीले मान्ने भगवान्‌लाई हामी मातापिता मान्छौं, तपाईंकै सन्तान हौं भन्छौं। दुःख पर्दा गुनासो पोख्छौं। 'यस्तो गरिदेऊ', 'उस्तो गरिदेऊ' भन्छौं। केही चाहियो, माग्छौं। सुखमा पनि उनैलाई सम्झिन्छौं।

कुनै पनि काम पूरा भएपछि त्यसको परिणाम राम्रो आवस् भनेर भगवान्‌गै कामना गरिन्छ। काम राम्ररी नगर्ने फलको मात्र अपेक्षा गर्ने (कामचोर) ले पनि ईश्वरसँग पुकारा गरिरहेकै हुन्छ। कुनै उपलब्धि प्राप्त भयो भने उनीमाथि कृतज्ञता अर्पण गर्छौं। अपेक्षा गरेअनुरूप परिणाम नआए मानिस भगवान्‌सँग घुर्की पनि लगाउँछ। भन्छ, 'मैले यति पुकारा गर्दा पनि सुनेनौ है!'

> **रक्सी-मासु खाने समुदायले पूजा गर्दा इष्टदेवता-कुलदेवता-पितृलाई त्यही चढाउँछ। अनि प्रसाद मानेर आफू खान्छ।**

हामी जे खान्छौं, हाम्रा भगवान् पनि त्यही खान्छन्। हेर्नुस् त, खाना पाकिसेपछि त्यही नचढाई खाँदैनौं। कसैले अग्नि (आगो) मा अर्पण गर्छन्। कसैले कुनै पात्र (भाँडो) मा सबैथोक चढाउँछन्। कसैले औसनी हालेर खान्छन्। घरआँगन खेतबारीमा फलेका अन्न, फलफूल हामीले मानेका देवतालाई अर्पण नगरी खाँदैनौं।

साउनमा मकै खाने वेला भयो, त्यो पनि चढाउँछौं। मंसिरमा धान, चैतमा गहुँ भित्र्याउँछौं, त्यसको परिकार बनाएर चढाउँछौं। अनि मात्र आफू खान्छौं। नयाँ धान भित्राएपछि सेल पकाएर लक्ष्मीलाई चढाउने, कात्तिक-मंसिरमा हवन गरे न्वागी खार्नेजस्ता चलन यसैको उदाहरण हो। खिर, सेल र मालपुवाजस्ता कहिलेकाहीँ मात्र पाक्ने मिठाइ वा परिकार खानुअघि आफ्ना देवतालाई छुट्टै विशेषप्रकारले चढाइन्छ। धातुको कुनै भाँडामा होस् वा दुईवटा पात चुँडेर त्यसमा राखेर होस्, देवतालाई अर्पण गरिन्छ नै। विधि वा प्रक्रिया फरक होला, सम्झिएको त आफ्नो ईश्वरलाई नै हो।

रक्सी-मासु खाने समुदायले पूजा गर्दा इष्टदेवता-कुलदेवता-पितृलाई त्यही चढाउँछ। अनि प्रसाद मानेर आफू खान्छ। कतिपयले रक्सी-मासु खाँदैनन्, फलफूल चढाएर पूजा गर्छन्। आफूले नखाने वस्तु वा पदार्थ कसैले आफ्ना देवतालाई चढाउँदै चढाउँदैन्। अर्थात् तपाईं हामीले खाने पदार्थ नै भगवान् खान्छन्। यसको अर्थ मैले हामीले मानेको भगवान् मजस्तै वा हामीजस्तै छन् भन्ने होइन र!

एउटा ज्वलन्त उदाहरण, नेपालमा धेरैले दशैंमा मासु खान्छन्। मासु नखाई फलफूल अन्य परिकार खाएर दशैं मनाउने पनि छन्। आफू मासु खान्छन्, शक्तिपीठ वा दशैंघरमा देवीलाई बलि दिन्छन्। नखानेले नरिवल, घिरौंला, कुभिण्डो चढाउँछन्। मासु नखाने वा साकाहारीले तर्क गर्छन्, 'देवताले पशुपक्षीको बलि खान्छन् ? यो मानिसले आफ्नो स्वादका लागि बहाना बनाएको हो।'

यसको एक मात्र जवाफ, मान्छेले आफूले खाने पदार्थ आफ्नो आराध्यदेवलाई चढाएको हो। मासु खानेले पशुपक्षीको बलि चढाए। मासु नखानेले फल वा तरकारी अर्पण गरे। पहिले आफ्ना भगवान्‌लाई चढाए, अनि आफूले खाए। एउटा तर्क- भगवानको प्रसादको रूपमा खाइयो। अर्को- आफूलाई खान लागेको वस्तु पहिले आफ्ना देवतालाई अर्पण गरियो।

कतिपयले फरक आस्था भएकै कारण अरुको परम्परामा औंला उठाइरहेको पनि देखिन्छ। विभिन्न मन्दिरमा भइरहेका पूजाविधिबारे प्रश्न उठाएको पनि पाइन्छ। 'तिमीहरूको यो परम्परा भएन, ऊ भएन।' एकले अर्काको परम्परा पूजाविधि र शैलीप्रति प्रश्न उठाउनु वा घृणा गर्नु गलत हो। कुनै पनि मन्दिर निश्चित आस्थाको आधारमा त्यहाँको समाजले चलाइरहेको हुन्छ। विभिन्न विधि र नियमले ती चलिरहेका हुन्छन्। उनीहरूले पुस्तौंदेखि त्यसको अभ्यास गरिरहेका हुन्छन्। त्यसको मर्म वा रहस्य नै नबुझी 'तिमीहरूको यो परम्परा भएन' भन्ने अधिकार अन्य समुदायलाई हुँदैन। ती विधि वा परम्परा चित्त नबुझे त्यसमा सहभागी नहुन पनि सकिन्छ।

हामी धार्मिक सहिष्णुता र सद्भावको कुरा गर्छौं, तर 'मेरा भगवान् मजस्तै', 'तपाईंको भगवान् तपाईंजस्तै' भन्ने तथ्य बिर्सन्छौं। मेरा भगवान् ठूला, मैले जे गरेको ठीक, अरू सुमदायले गरेको बेठीक भन्ने भावना पालेर बस्छौं। समस्या यहीं नै छ। सबैले सबै परम्पराको मर्म बुझेर अवलम्बन गर्ने र अरु संस्कृतिको सम्मान गर्ने हो भने सहिष्णुता आफैं कायम हुन्छ, यसका लागि कोकोहोलो मच्चाइरहनु पर्दैन।

यसर्थ, सनातन वैदिक धर्ममा मानिसको बुद्धि, विवेक र क्षमताअनुसार ईश्वर आराधनाका फरक विधि छन्। कसैले निराकार ईश्वरलाई ध्यान गर्छन्, कसैले वेद-पुराणका मन्त्रपाठ गर्छन्, कसैले मूर्ति वा चित्रमार्फत पूजा गर्छन्, कसैले प्रकृति, पशुपक्षी, जल, वृक्ष, पर्वत आदिलाई देवता मान्छन्। त्यस्तै, पूजा विधि, चढाउने सामग्री वा शैली फरक भए पनि सबैको उद्देश्य आफ्नो आराध्यलाई स्मरण र सम्मान गर्नु हो। तर, फरक आस्थाप्रति असहिष्णुता, आलोचना वा घृणा गर्नु अर्वथा गलत हो। प्रत्येक मन्दिर वा परम्परा स्थानीय समाजको आस्था र संस्कारमा आधारित हुन्छ, जसलाई नबुझी आलोचना गर्नु अनुचित हुन जान्छ। धार्मिक सहिष्णुता भनेकै 'मेरा भगवान् मजस्तै, तपाईंको भगवान् तपाईंजस्तै' भन्ने बुझाइ हो। सबैले आ-आफ्नो परम्परा पालन गर्दै अरूको संस्कृति र विश्वासको सम्मान गरे, सहिष्णुता स्वतः कायम हुन्छ।

# मोदीले भने – अब परमाणु धम्की र व्यापारिक ब्ल्याकमेलिङ सहँदैनौं



**एजेन्सी, साउन ३०**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ७९ औं स्वतन्त्रता दिवसका अवसरमा दिल्लीको ऐतिहासिक लाल किल्लाबाट सम्बोधन गर्दै भारत अब कुनै पनि परमाणु धम्की, ब्ल्याकमेलिङ वा अन्यायपूर्ण दबाबहरू स्वीकार नगर्ने बताएका छन् ।

सम्बोधन उनको अभिव्यक्ति विशेषगरी पाकिस्तान र अमेरिका लक्षित देखिएको थियो । मोदीले 'भारत अब आत्मनिर्भर हुँदैछ' भन्दै रक्षा, ऊर्जा र प्रविधि क्षेत्रमा पूर्ण स्वावलम्बनतर्फ अघि बढ्ने वाचा पनि गरे ।

**पाकिस्तानलाई चेतावनी**

प्रधानमन्त्री मोदीले पाकिस्तानतर्फ संकेत गर्दै भारतका नदीहरूबाट बग्ने पानी शत्रु मुलुकको खेतमा सिंचाइ हुन नदिने बताए ।

'रगत र पानी सँगै बग्न सक्दैनन्,' भन्दै उनले भारतले सिन्धु जल सम्झौताका सन्दर्भमा अब आफ्नो अधिकार सुनिश्चित गर्ने बताए ।

उनले आतंकवाद र हालैको 'पहलगाम घटनाको' पनि चर्चा गरे । धर्मका आधारमा हत्या गरिएको भन्दै उनले 'अपरेसन सिन्दूर' लाई जनताको आक्रोशको प्रतिक्रियाका रुपमा अर्थ लगाए ।

'श्रीमतीको अगाडि पतिको हत्या, बाबुलाई बच्चाहरूको अगाडि गोली हानिएको घटनाले भारतलाई हल्लाएको छ,' उनले भावुक हुँदै भने ।

**आत्मनिर्भर भारतमा जोड**

मोदीले लडाकु विमान र चिप्स अब भारतमै बन्ने बताए । अब जेट इन्जिन, सेमिकन्डक्टर चिप्स, अन्तरिक्ष स्टेसन र सैन्य उपकरणहरू भारतमै उत्पादन हुने स्पष्ट पार्दै उनले भने, 'अब हाम्रो रक्षा प्रणाली र ऊर्जा आवश्यकता भारतमै उत्पादन गरेर पूरा गर्नेछौं ।' उनले वैज्ञानिक, इन्जिनियर र स्टार्टअपहरूलाई आत्मनिर्भरताका लागि आह्वानसमेत गरे । उनले भने, 'अत्यधिक परनिर्भरताले स्वतन्त्रताको मूल्य घटाउँछ, त्यसैले आत्मनिर्भर भारत नै विकसित भारतको आधार हो ।'

**अमेरिका–भारत व्यापारिक द्वन्द्व गहिरिँदै**

भारत अहिले अमेरिकाको कर दबाबमा परेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि थप २५ प्रतिशत आयात कर लगाउने घोषणा गरिसकेका छन्, जुन अगस्ट २७ देखि लागू हुनेछ ।

यो कदम भारतले रूसबाट तेल खरिद गरेको भन्दै गरिएको हो । यसअघि नै भारतमाथि २५ प्रतिशत कर लगाइसकिएकोले अब कुल ५० प्रतिशत कर लाग्नेछ ।

भारतले यसलाई अन्यायपूर्ण भनेको छ र अमेरिकी उत्पादनमा पनि ५० प्रतिशतसम्मको कर लगाउने तयारी गरेको जनाइएको छ ।

**मोदीको अमेरिका भ्रमणको तयारी**

अन्तर्राष्ट्रिय तनावको बेलामा प्रधानमन्त्री मोदी अर्को महिनाको अन्त्यमा संयुक्त राष्ट्र संघको महासभामा भाग लिन अमेरिका जाने तयारीमा छन् ।

सेप्टेम्बर २६ मा हुने महासभामा उनले सम्बोधन गर्नेछन् भने राष्ट्रपति ट्रम्पसँग द्विपक्षीय बैठक हुने सम्भावना पनि छ ।

यो भ्रमणले भारत-अमेरिका व्यापार विवाद समाधान गर्ने कोशिस हुने बताइएको छ । साथै, युक्रेनी राष्ट्रपति जेलेन्स्कीसँग पनि भेटवार्ता हुन सक्ने अनुमान गरिएको छ ।

**'विकसित भारत रोजगारी योजना' को सुरुवात**

मोदीले स्वतन्त्रता दिवसकै दिनबाट नयाँ योजना 'प्रधानमन्त्री विकसित भारत रोजगार योजना' शुरु गरिएको घोषणा गरे ।

यस योजनाअन्तर्गत पहिलोपटक रोजगार पाउने युवालाई सरकारबाट १५ हजार रुपैयाँ अनुदान दिइने बताइएको छ ।

यस योजनाअन्तर्गत करीव साढे तीन करोड युवालाई रोजगारीका नयाँ अवसरहरू उपलब्ध गराउने लक्ष्य लिएको छ । साथै, रोजगार सिर्जना गर्ने कम्पनीहरूलाई पनि सरकारबाट प्रोत्साहन दिइनेछ ।

प्रधानमन्त्री मोदीको भाषणले भारतको स्वतन्त्रता, आत्मनिर्भरता र सुरक्षा रणनीतिमा दृढता देखाएको छ । मोदीको आगामी अमेरिकी भ्रमणले यी अन्तर्राष्ट्रिय दबाब र विवादबीच भारतको कूटनीतिक हैसियत कसरी अघि बढ्नेछ भन्ने चासो अझै बढाएको छ ।

# प्लास्टिक प्रदूषण रोक्न विश्व सम्मेलन असफल, सहमतिबिनै टुंगियो वार्ता




**एजेन्सी, साउन ३०**

विश्वभर फैलिँदो प्लास्टिक प्रदूषण नियन्त्रण गर्न बनाउने भनिएको ऐतिहासिक सन्धिको वार्ता सहमति बिना नै टुंगिएको छ । शुक्रबार सम्पन्न भएको यो छलफलमा सहभागी १८५ देशका प्रतिनिधिहरूबीच आवश्यक निर्णयमा पुग्न नसकिँदा सम्मेलन निष्कर्षविहीन भएको हो ।

तीन वर्षमा गरिएको यो छैटौं चरणको वार्तामा दुई धार स्पष्ट देखिए । एक पक्ष प्लास्टिक उत्पादन घटाउन चाहन्थे भने अर्को पक्ष केवल फोहोर व्यवस्थापनमा मात्र सीमित हुन चाहन्थे । प्लास्टिक उत्पादनमा निर्भर तेल उत्पादक राष्ट्रहरूले कठोर नियमको विरोध गरेपछि सहमति जुट्न सकेन ।

क्युबाले यसलाई ऐतिहासिक अवसर गुमेको भन्दै चिन्ता व्यक्त गऱ्यो भने कोलम्बियाले केही थोरै देशहरूको कारणले वार्ता बारम्बार अवरुद्ध भएको गुनासो गऱ्यो । प्रशान्त क्षेत्रका १४ साना टापु राष्ट्रहरूको तर्फबाट टुभालुले विश्वव्यापी सहयोग नआएमा समुद्रमा प्लास्टिक फोहोरको भार झनै बढ्ने चेतावनी दिएको छ ।

युरोपेली संघ (इयू), बेलायत, क्यानाडा, अफ्रिकी र ल्याटिन अमेरिकी देशहरू सहितको गठबन्धनले विषाक्त रसायन हटाउने र प्लास्टिक उत्पादन घटाउने पक्षमा जोड दिएको थियो। तर साउदी अरेबिया, कुवेत, रुस, इरान र मलेसियाजस्ता तेल उत्पादक राष्ट्रहरूको समूहले त्यसलाई कमजोर बनाउने प्रयास गरेको बताइएको छ ।

फ्रान्सकी वातावरण मन्त्री एग्नेस पान्नियर-रुनाचरले केही देशले छोटो अवधिको आर्थिक फाइदाका लागि दीर्घकालीन हित हुने सन्धि रोकिदिएको भन्दै निराशा व्यक्त गरिन् ।

हाल विश्वमा हरेक वर्ष ४० करोड टनभन्दा बढी प्लास्टिक उत्पादन हुन्छ, जसको झण्डै आधा केवल एकपटक प्रयोग हुने किसिमको हुन्छ । त्यसमा पनि 'रिसाइकल' हुने दर निकै कम छ । केवल ९ प्रतिशत मात्रै प्लास्टिक पुनः प्रयोगमा जान्छ ।

प्लास्टिकको असर हिमालदेखि समुद्रसम्म र मानव स्वास्थ्यमा समेत देखिन थालेको छ । वैज्ञानिकहरूको अनुमान अनुसार यदि अहिलेको जस्तै उत्पादन र प्रयोग दर कायम रह्यो भने सन् २०६० सम्म प्लास्टिक उत्पादन तीन गुणाले बढ्नेछ र त्यसले सिर्जना गर्ने फोहोर एक अर्ब टनभन्दा बढी हुनेछ ।

यद्यपि सन्धि गर्न सहमति नभए पनि केही देशले अर्को चरणको वार्ताका लागि आह्वान गरिसकेका छन् । इयुले पछिल्लो मस्यौदालाई नयाँ छलफलको आधार बनाउन सकिने बताएको छ । अब आगामी चरणमा विश्वले सहमतिको बाटो पाउँछ कि भन्ने आशा भने बाँकी नै छ ।

# युद्धग्रस्त क्षेत्रमा बढ्दो यौन हिंसा



**एजेन्सी, साउन ३०**

विश्वका विभिन्न भागहरूमा भइरहेका युद्ध र सशस्त्र द्वन्द्वका बीच महिलामाथि यौन हिंसाका घटनाहरू डरलाग्दो रूपमा बढेका छन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले हालै सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार सन् २०२४ मा यस्ता घटनाहरू २५ प्रतिशतले बढेका छन्। यो प्रतिवेदनले युद्धले उत्पन्न गरेको भौतिक मात्र नभइ सामाजिक, मानसिक र मानवीय संकटको झन् गहिरो चित्र प्रस्तुत गरेको छ।

प्रतिवेदनमा मध्य अफ्रिकी गणतन्त्र, कंगो, हैटी, सोमालिया र दक्षिण सुडानलाई यौन हिंसाका सबैभन्दा बढी घटना भएका देशका रूपमा उल्लेख गरिएको छ। सन् २०२४ मा मात्र चार हजार ६०० भन्दा बढी व्यक्तिहरूले यौन हिंसाबाट बचेको जानकारी दिएका छन्। यस्ता घटनाहरू मुख्यतया सशस्त्र विद्रोही समूहहरूबाट भएको पाइएको छ, तर केही घटनामा सरकारी सुरक्षाबलहरूको संलग्नता पनि देखिएको छ।

गुटेरेसले प्रतिवेदनमा भनेका छन्, 'हामीसँग भएका यिनै प्रमाणित तथ्यांक हुन्, तर वास्तविक संख्या योभन्दा धेरै हुनसक्छ।'

प्रतिवेदन अनुसार, १२ वटा देशमा ६३ वटा सरकारी तथा गैरसरकारी संगठनहरू यौन हिंसा, बलात्कार र शारीरिक दुर्व्यवहारका गम्भीर आरोपमा रहेका छन्। तीमध्ये हमास पनि समावेश छ, जसको गतिविधिले गाजामा युद्धको स्थिति ल्याएको हो। उल्लेखनीय कुरा के छ भने, यीमध्ये ७० प्रतिशतभन्दा बढी समूह विगत पाँच वर्षदेखि राष्ट्रसंघको कालोसूचीमा छन्, तर अझै पनि उनीहरूले यौन हिंसा रोक्न कुनै प्रभावकारी कदम चालेका छैनन्।

यस पटक संयुक्त राष्ट्रसंघले पहिलोपटक इजरायल र रूसलाई पनि चेतावनी दिएको छ। राष्ट्रसंघका अनुसार इजरायलले जेलहरूमा प्यालेस्टिनी महिलामाथि दुर्व्यवहार गरेको र रूसले युक्रेनी कैदीहरूमाथि यौन शोषण गरेको पुष्टि गर्ने विश्वसनीय स्रोतहरूबाट प्रमाण प्राप्त भएका छन्। यदि यी देशहरूले सुधारको कदम नचाले, सन् २०२५ को प्रतिवेदनमा उनीहरूलाई पनि कालोसूचीमा राखिनेछ। इजरायलले भने उक्त आरोपलाई पक्षपातपूर्ण भनेको छ।

यौन हिंसाबाट सबैभन्दा धेरै पीडित महिला र बालिकाहरू रहेको प्रतिवेदनमा उल्लेख छ। पीडितहरूको उमेर १ वर्षदेखि ७५ वर्षसम्मको छ। कंगो र म्यानमारमा बलात्कारपछिको हत्या, अपहरण, यातना र सामाजिक बहिष्कारजस्ता घटनाहरू बारम्बार घटिरहेका छन्। केही सशस्त्र समूहहरूले क्षेत्र नियन्त्रण गर्ने, समुदाय आतंकित पार्ने र जातीय विभाजन सिर्जना गर्ने उद्देश्यले युद्धमा रणनीतिक हतियारकै रूपमा बलात्कार प्रयोग गरेका छन्।

मध्य अफ्रिकी गणतन्त्रमा मात्र दुई सय १५ महिला, एक सय ९१ बालिका र सात जना पुरुष यौन हिंसाको शिकार भएका छन्। कंगोमा ८०० भन्दा बढी घटना दर्ता भएका छन्, जसमा एम२३ विद्रोही समूहको संलग्नता उल्लेखनीय छ। सन् २०२२ मा यस समूहसँग सम्बन्धित ४३ यौन हिंसा घटनाहरू सन् २०२४ मा बढेर एक सय ५२ पुगेका छन्।

सुडानमा पनि अवस्था अत्यन्त भयावह देखिएको छ। त्यहाँ दुई सय २१ बलात्कारका घटना दर्ता भएका छन्, जसमा एक सय ४७ बालिका र ७४ बालक छन्। तीमध्ये १६ प्रतिशत पाँच वर्षभन्दा कम उमेरका छन् र चार जना एक वर्षमुनिका नानीहरूसमेत छन्।

आजका युद्धहरू केवल सीमित भूगोलमा मात्र नभई महिलाको शरीर, बालबालिकाको भविष्य र मानवताको चेतनासम्म हमला गर्ने क्रूर रूप लिइसकेको यो प्रतिवेदनले स्पष्ट देखाएको छ।

# 'युद्ध फेरि कहिल्यै नहोस्'



**एजेन्सी, साउन ३०**

जापानले दोस्रो विश्वयुद्धमा आत्मसमर्पण गरेको ८० वर्ष पुगेको अवसरमा जापानका सम्राट नारुहितोले गहिरो पश्चात्ताप व्यक्त गर्दै युद्धमा ज्यान गुमाएका लाखौं मानिसप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । टोकियोमा आयोजित विशेष स्मृति समारोहमा सम्राट नारुहितोले युद्धको पीडा र क्षतिको गहिरो सम्झना गर्दै यस्तो विनाशकारी इतिहास फेरि दोहोरिनु नपरोस् भन्ने कामना गरे। उनले युद्धमा ज्यान गुमाएका मानिसहरू र उनीहरूका परिवारप्रति सहानुभूति प्रकट गर्दै शान्ति र आत्मचिन्तनको सन्देश दिए । महारानी मासाको पनि सम्राटसँगै समारोहमा सहभागी थिइन् ।

सोही अवसरमा हजारौं जापानी नागरिकहरू टोकियोको यासुकुनी मन्दिरमा पुगेका थिए । यो मन्दिर दोस्रो विश्वयुद्धसहित विभिन्न युद्धहरूमा मारिएका करीव २५ लाख जापानी सैनिकहरूको सम्झनामा बनाइएको हो । तर, त्यहीँ केही युद्ध अपराधीहरूलाई पनि सम्मान गरिएको हुनाले यो मन्दिरलाई चीन, दक्षिण कोरिया लगायतका युद्धपीडित देशहरूले विवादास्पद मान्ने गरेका छन्। मन्दिरमा जापानी नेताहरूको सहभागिताले बारम्बार अन्तर्राष्ट्रिय आलोचना र असन्तोष निम्त्याउने गरेको छ ।

यसपटक पनि जापानका प्रधानमन्त्री शिगेरु इशिबाले प्रत्यक्षरूपमा मन्दिर नगए पनि परम्परागत भेटी पठाए । जसले फेरि विवादको चर्चा ल्यायो । सन् २०१३ मा पूर्व प्रधानमन्त्री शिन्जो आबेले मन्दिर भ्रमण गरेपछि भएको आलोचना पछिको यो संवेदनशीलता हो । यद्यपि कृषिमन्त्री शिन्जिरो कोइजुमी, विपक्षी नेतृ सानाए ताकाइची र केही राष्ट्रवादी नेताहरू भने मन्दिर पुगेर श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

मन्दिर परिसरमा अत्यधिक गर्मी ३० डिग्री सेल्सियसभन्दा बढी तापक्रम थियो । अधिकांश मानिस छाता ओढेर भए पनि श्रद्धाञ्जलि अर्पण गरे । गर्मीका कारण केही बिरामीसमेत परे । तर सर्वसाधारणको सहभागिताले देखायो कि युद्धको सम्झना र त्यसबाट शिक्षा लिनु अझै पनि जापानी समाजका लागि महत्वपूर्ण छ । एक सहभागी ताकाशी इगुचीले भने, 'हामी अहिले पनि युद्धको सम्भावना भएको संसारमा बाँचिरहेका छौं, यस्तो अवस्थामा विगत सम्झनु झनै जरूरी भएको छ ।'

सम्राट नारुहितो, महारानी मासाको र राजकुमारी ऐको आगामी महिनामा जापानको नागासाकी सहरको भ्रमणमा जाँदैछन् । नागासाकीमा दोस्रो विश्वयुद्धको अन्त्यतिर अमेरिकाले परमाणु बम खसाल्दा हजारौं निर्दोष नागरिकको ज्यान गएको थियो । भ्रमणको क्रममा सम्राटले परमाणु आक्रमणबाट बाँचेकाहरूलाई भेट्ने, पीडितहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्ने र विश्व शान्तिको सन्देश दिने बताइएको छ । यो सम्राट नारुहितोले सिंहासन सम्हालेपछि नागासाकीतर्फको पहिलो भ्रमण हुने भएकाले यो कार्यक्रम विशेष रूपमा अर्थपूर्ण मानिएको छ ।

समग्रमा, जापानले दोस्रो विश्वयुद्धको ८०औं वार्षिकोत्सवमार्फत इतिहास सम्झिएको मात्र होइन, भावी पुस्तालाई शान्तिको मूल्य र युद्धको विनाशबारे गहिरो सन्देश पनि दिएको छ ।


नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
Head Office: Kamaladi, Kathmandu, Nepal,
Tel: 01-4545885,4545886, Email: info@nepalfinance.com.np
Website : www.nepalfinance.com.np

INTEREST RATE
(Per Annum)
Applicable from **Bhadra 01, 2082**

| DEPOSITS | |
|---|---|
| **Deposit Type** | **Interest Rate (Per annum)** |
| Saving Account | 4.00% to 5.50% |
| Call Deposit | Upto 2.00% |
| Current Deposit | 0.00% |

| Fixed Deposits | |
|---|---|
| **(A) Individual** | |
| (1) 3 Months | 5.50% |
| (2) 6 Months | 5.75% |
| (3) 9 months | 6.25% |
| (4) 1 Year to 2 Years | 6.75% |
| (5) Above 2 Years | 7.75% |
| **(B) Institutional** | |
| (1) 6 Months | 4.75% |
| (2) 9 Months | 5.25% |
| (3) 1 Year to 2 Years | 5.75% |
| (4) Above 2 Years | 6.75% |
| **(C) Akshayakosh** | Negotiable |
| **(D) Remittance Deposit** | Additional 1% on Individual Fixed & Saving |

| LOAN & ADVANCE | |
|---|---|
| Loan Against Fixed Deposit | Upto + 2.00% P.a on Coupon Rate |
| Business Loan | Base Rate + Up to 3 % P.a Premium |
| Deprived Loan | Base Rate + Up to 2 % P.a Premium |
| Subsidized Loan | Base Rate + Up to 2 % P.a Premium |
| Consumer & Other Loan Products | Base Rate + Up to 4 % P.a Premium |
| Consortium Loan | As per Consortium Decision |
| Average Base Rate of Last Three Months | 9.21% |

*Interest rate of Loans & Advance shall be applicable as per NRB directives.*

Fixed Lending Interest Rate Loan (Individual)

| Particular | 1 to 3 Year | Above 3 to 5 Year | Above 5 Year |
|---|---|---|---|
| Home Loan | 11.50% | 12.00% | 12.50% |
| Auto Loan (personal) | 11.50% | 12.00% | 12.50% |
| Other Retail Loan | 12.00% | 13.00% | 13.50% |



RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu, Nepal
Tel: 01-5361104, 5323117, 5361041, 5361167, 5903698 | www.reliancenepal.com.np

INTEREST RATE (Effective From 2082/05/01)

| S.N | Name of Product | Interest Rate (P.a.) |
|---|---|---|
| 1 | RFL Savings Accounts | 4.00 % to 5.25% |

| | |
|---|---|
| Call Deposits | Upto 2.00% |

For recurring deposits, the interest rate applied will be the same as that offered for fixed deposits, based on the specific term.

| | |
|---|---|
| Average Base Rate (Baishakh 2082- Ashad 2082) | 8.48% |

The interest rates for both deposit and loan products will continue to be the same as those published on 2082/03/32. For more detailed information, please refer to our official website at www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

# वाणिज्य बैंकहरूले एक वर्षमा कमाए ७१ अर्ब १८ करोड

news 24

**काठमाडौं, साउन ३०**

वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०८१/८२मा ७१ अर्ब १८ करोड रुपैयाँ नाफा कमाएका छन्। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ४३.१८ प्रतिशत धेरै हो। बैंकहरूले आर्थिक वर्ष २०८०/८१मा ४९ अर्ब ९८ करोड कमाएका थिए।



सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये १६ वटाको नाफा बढेको छ भने ४ वटाको घटेको छ।

नेपाल राष्ट्र बैंकले कर्जा नोक्सानी व्यवस्था (प्रोभिजन) सम्बन्धमा नीतिगत लचकता अपनाएपछि बैंकहरूको नाफामा उल्लेख्य सुधार भएको देखिन्छ। गभर्नर डा. विश्वनाथ पौडेलले असल वर्गमा वर्गीकृत कर्जामा नोक्सानी व्यवस्था १.२ प्रतिशतबाट घटाएर १.१ प्रतिशतमा झारेका छन्। यस्तै, ग्रेस अवधि चार वर्षसम्म हुने कर्जाका लागि क्रमिक रूपमा ०.२७५ प्रतिशतदेखि १.१० प्रतिशतसम्म मात्र नोक्सानी व्यवस्था गर्न सकिने व्यवस्था कायम गरेका छन्। जसले गर्दा बैंकहरूको खर्च घटेर गएको छ भने प्रोभिजन गरेको रकम फिर्ता हुँदा नाफामा सकारात्मक प्रभाव परेको छ।

बैंकहरूको नाफा बढेको छ तर ब्याज आम्दानीमा खासै सुधार हुन सकेको छैन। किनभने निक्षेप संकलनको वृद्धिदर उच्च छ भने कर्जा प्रवाह वृद्धिदर न्यून छ। जसले गर्दा बैंकहरूको ब्याज लागत बढेर गएको छ। वित्तीय विवरणअनुसार २० मध्ये ८ बैंकको ब्याज आम्दानी घटेको छ।

केन्द्रीय बैंकले २ करोड रुपैयाँसम्मका निर्देशित कर्जाको पुनरसंरचना गर्न दिएको सुविधा र साउन १५ गतेसम्मको असुली तथ्यांक समावेश गर्न पाउने व्यवस्थाले पनि बैंकहरू सहज अवस्थामा छन्। यिनै नीतिगत व्यवस्थाका कारण गत आर्थिक वर्षको चौथो त्रैमासमा बैंकहरूको नाफामा राम्रो सुधार भएको देखिन्छ।

**नबिलको नाफा सबैभन्दा धेरै**

नबिल बैंक यस वर्ष पनि सबैभन्दा धेरै नाफा कमाउने बैंकको सूचीमा पहिलो नम्बरमा छ। नबिलले ७ अर्ब १२ करोड रुपैयाँ नाफा कमाएको छ। नबिल पछि नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले कमाएको छ।

यो बैंकले ६ अर्ब ७५ करोड रुपैयाँ नाफा आर्जन गरेको छ। धेरै नाफा कमाउनेमध्ये तेस्रो नम्बरमा ग्लोबल आइएमई बैंक छ। ग्लोबलले ६ अर्ब २० करोड रुपैयाँ कमाएको छ।

**एनआईसी एशियाको सबैभन्दा कम**

एनआईसी एशिया बैंकको नाफा सबै भन्दा कम छ। यो बैंकले जम्मा १६ करोड रुपैयाँ नाफा कमाएको छ। कुमारी बैंकको नाफा वृद्धिदर सबैभन्दा धेरै ४५ हजार ८२१ प्रतिशत छ।

स्टाण्डर्ड चार्टर्ड बैंक, नेपाल एसबिआई बैंक, सिटिजन्स बैंक इन्टरनेशनल र एनआईसी एशिया बैंकको नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको छ। सबैभन्दा धेरै नाफा घट्ने बैंक पनि एनआईसी एशिया छ।

**खराब कर्जामा भएन सुधार**

नाफामा राम्रो सुधार भए पनि बैंकहरूले खराब कर्जामा सुधार गर्न सकेका छैनन्। एभरेष्ट बैंक, नबिल बैंक, राष्ट्रिय वाणिज्य बैंक, स्टाण्डर्ड चार्टर्ड बैंक, लक्ष्मी सनराइज बैंक, माछापुच्छ्रे बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकको खराब कर्जामा केही कमी हाएको छ। तर बाँकी १३ वटा बैंकको खराब कर्जा बढेको छ।

केन्द्रीय बैंकले कर्जाको पुनरसंरचना गर्न सकिने व्यवस्था गरे पनि बैंकहरूको खराब कर्जामा सुधार हुन सकेको छैन। बैंकहरूको औसत निष्क्रिय कर्जा ४.१७ प्रतिशत पुगेको छ। अघिल्लो आर्थिक वर्षमा ३.७३ प्रतिशत थियो।

**वाणिज्य बैंकहरूको नाफा**

| बैंकको नाम | २०८१/८२ | २०८०/८२ | फरक प्रतिशत |
|---|---|---|---|
| नबिल बैंक | ७,१२७,५६६,००० | ६,१९७,१०९,००० | १५.०१ |
| नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ६,७५६, ६४९,००० | ४,१०८,८९२,००० | ६४.४३ |
| ग्लोबल आइएमई बैंक | ६,२०४,७४५,००० | ६,१३७, ४५४,००० | १.१ |
| प्रभु बैंक | ५,४४२,६९३,००० | ५१०,८५६,००० | ९६५.४ |
| एभरेष्ट बैंक | ४,९१८,१६५,००० | ३,७०३, २२५,००० | ३२.८ |
| लक्ष्मी सनराइज बैंक | ४,११६,९६७,००० | २,९२०,३७९,००० | ४०.९७ |
| प्राइम कमर्सियल बैंक | ४,०२४,४३१,५६६ | ३,५०७,८९४,९९४ | १४.७२ |
| कृषि विकास बैंक | ४,१५४,४७५,७९२ | २,८९७,४८७,८०१ | ४३.३८ |
| राष्ट्रिय वाणिज्य बैंक | ३,८१६,७०९,९०४ | २,५५२, ४६७,५१० | ४९.५३ |
| नेपाल बैंक | ३,७७३,००८,९८७ | २८, ४२०, ०३७ | १३१७५.८७ |
| सिद्धार्थ बैंक | ३,३९५,२८५,७२६ | ३,०८०,०२८,६८४ | १०.२४ |
| एनएमबि बैंक | ३,२८१,७९१,००० | २,२४४,३९५,००० | ४६.२२ |
| स्टान्डर्ड चार्टर्ड बैंक | ३,०२९,३०३,००० | ३,२७५,२६८,००० | -७.५१ |
| सानिमा बैंक | २,५७१, १५५,९५३ | २,३९७,४४३,८३२ | ७.२४ |
| कुमारी बैंक | २,११६,०४९,०५१ | ४,६०८, ७०४ | ४५८२१.२ |
| माचापुच्छे बैंक | २,०११,४६१,५१९ | १,०४५,१९९,१८७ | ९२. ४४ |
| नेपाल एसबिआई बैंक | १,८०२,५८०, १२० | १,९९९,७७२,८८६ | -९.८६ |
| हिमायलन बैंक | १,५१२, ५३२, ११९ | १,२३८,३०३,५९० | २२.१४ |
| सिटिजन्स बैंक इन्टरनेशनल | १,२९३,३२१,३९० | १,३२०,७३१,००० | -२.०८ |
| एनआईसी एशिया बैंक | १६१,५७३,२३३ | ७०१,४९७,६३० | -७६.९७ |
| **कुल नाफा** | **७१,५६६,९६५,८३०** | **४९,९८३, २६६,६६४** | **४३.१८** |

# अप्टिकल फाइबर नेटवर्क विस्तार गर्न एनटीए र एनटिसीबीच सम्झौता



काठमाडौं। ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडीएफ) मार्फत गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर नेटवर्क विस्तार परियोजनाका लागि नेपाल दूरसञ्चार प्राधिकरण (एनटीए) र नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (एनटिसी)बीच सम्झौता भएको छ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ र सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालको उपस्थितिमा सम्झौता भएको हो। नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सञ्चारसचिव अर्यालले परियोजना सुरु गर्नुमात्रै सार्थक नभएकाले यसलाई तोकिएको समयमै पूरा गर्न निर्देशन दिइन। प्राधिकरणका अध्यक्ष भण्डारीका अनुसार विगतमा आरटिडीएफ कोषबाट दुर्गम क्षेत्रमा नेटवर्क विस्तारका लागि युटिएल र स्मार्ट टेलिकम कम्पनीलाई जिम्मेवारी दिइएकामा दुवै कम्पनीले परियोजना सुरु गर्न सकेनन्। ग्रामीण क्षेत्रमा सञ्चार सुविधा पुर्याउने उद्देश्यले २०७३ सालमा सरकारले कोशी, मधेस र बागमती प्रदेशबाट आरटीडिएफ परियोजना सुरु गरेको थियो।

सो परियोजनालाई पुनः सञ्चालन गर्ने उद्देश्यका साथ एनटिसीसँग सम्झौता गरिएको भण्डारीले बताए। सम्झौताअनुसार तीन वर्षभित्र एनटिसीले लुम्बिनी र गण्डकी प्रदेशमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्नुपर्ने छ। परियोजनाका लागि करिब रु दुई अर्ब एक करोड लाग्ने अनुमान गरिएको छ।

प्राधिकरणका अध्यक्ष भण्डारीले आरटीडिएफ परियोजना पूर्ण रूपमा लागू गराउने प्रतिबद्धता व्यक्त गरे। सरकारको 'डिजिटल नेपाल फ्रेमवर्क' उद्देश्य पूरा गर्न उक्त परियोजना महत्त्वपूर्ण आधार हुने उहाँको धारणा छ। त्यसैगरी एनटिसीका निमित्त प्रबन्ध निर्देशक प्रधानले ब्रोडबैंक अप्टिकल फाइबर नौ वर्षदेखि निरन्तर विस्तार हुँदै आएको बताइन। लुम्बिनी र गण्डकी प्रदेशका २३ जिल्लामा फाइबर विस्तार हुने उनले जानकारी दिइन। कुल एक सय ९४ स्थानीय तहका केन्द्रहरूमा करिब एक हजार ९०० किलोमिटर अप्टिकल फाइबर पुर्याउने परियोजनाको उद्देश्य रहेको प्रधानले जानकारी दिइन। - *रासस*

# बढ्यो पेट्रोलको भाउ

काठमाडौं (संवाददाता)- नेपाल आयल निगमले पेट्रोलियम इन्धनको मूल्य समायोजन गरेको छ। निगम सञ्चालक समितिको शुक्रबार बसेको बैठकले शनिबार बिहानदेखि लागू हुनेगरी पेट्रोलको मूल्य बढाएको छ भने डिजले र मट्टितेलको घटाएको छ।

इन्डियन आयल कर्पोरेशनबाट मूल्य समायोजन भएर आएपछि निगमले नेपालमा पनि हेरफेर गरेको हो। पेट्रलको मूल्य प्रतिलिटर दुई रुपैयाँ बढेको छ भने डिजेल र मट्टितेलको एक रुपैयाँ घटेको छ।



मूल्य समायोजनपछि चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलवारी, नेपालगंज, धनगढी र वीरगंज क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १५८ रुपैयाँ ५० पैसा र डिजेल तथा मट्टितेलको १४६ रुपैयाँ ५० पैसा कायम भएको छ। यस्तै सुर्खेत र दाङ क्षेत्रका लागि पेट्रोलको प्रतिलिटर १६० रुपैयाँ, डिजेल तथा मट्टितेलको १४८ रुपैयाँ तोकेको छ। काठमाडौं, पोखरा र दिपायल क्षेत्रका लागि पेट्रोलको भाउ प्रतिलिटर १६१ रुपैयाँ र डिजेल तथा मट्टितेलको १४९ रुपैयाँ कायम भएको छ।


## हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले

दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**शिबहरी मैनाली**
अध्यक्ष

**Synergy Group**


# सुपरइन्टेलिजेन्ट एआईबाट मानवता जोगाउने उपाय खोजिँदै

एआईका गडफादरका रुपमा परिचित जेफ्री हिन्टन आफूले विकास गर्न सहयोग गरेको आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिले मानव जातिलाई नष्ट गर्न सक्ने डर व्यक्त गरेका छन्। प्रविधिजगत्का धुरन्तर नयाँ 'टेक ब्रो'हरू यसलाई सही तरिकाले प्रयोग नगरे मानव जातिलाई नै नष्ट गर्न सक्ने उनको भनाइ छ।

नोबेल पुरस्कार विजेता कम्प्युटर वैज्ञानिक र पूर्व गूगल कार्यकारी हिन्टनले यसअघि पनि एआईले मानवजातिलाई नष्ट गर्ने १० देखि २० प्रतिशत सम्भावना रहेको घोषणा गरेका थिए। गएको मंगलबार, उनले प्रविधि कम्पनीहरूले मान्छेलाई नै 'वशमा राख्ने' एआई प्रणालीहरूको तुलनामा 'प्रभुत्व' कायम गर्ने बढी सम्भावना रहेको बताएका छन्।

'अबका दिनमा एआई हामीभन्दा धेरै बुद्धिमान हुने र मान्छेले तिनलाई नियन्त्रण गर्न खोजे उनीहरूले त्यसलाई छल्ने सबै तरिका प्रयोग गर्न सक्ने अमेरिकाको लस भेगासमा आयोजित आर्टिफिशियल इन्टेलिजेन्स सम्मेलनमा उनले बताएका छन्।

उनले चेतावनी दिँदै भनेका छन्, 'भविष्यमा एआई प्रणालीहरूले मानव जातिलाई तीन वर्षको बच्चालाई चकलेटले लोभ्याएजस्तै सजिलै नियन्त्रण गर्न सक्छन्। यो वर्ष नै एआई प्रणालीहरूले आफ्नो लक्ष्य प्राप्त गर्नका लागि छल्ने, ठग्ने र चोर्ने इच्छा देखाएका उदाहरणहरू देखिएका छन्। उदाहरणका लागि, आफूलाई हटाउने डरले एउटा एआई मोडलले इमेलमा थाहा पाएको सम्बन्धको बारेमा एक इन्जिनियरलाई ब्ल्याकमेल गर्ने प्रयास गरेको थियो।

एआईलाई मानवको अधीनमा राख्न बाध्य पार्नुको सट्टा, हिन्टनले एक रोचक समाधान प्रस्तुत गरेका छन्। एआई मोडलहरूमा 'मातृ वृत्ति' निर्माण गर्ने। यसो गर्दा तिनले मानिसहरूको कदर गर्ने उनको धारणा छ।

एआई प्रणालीहरूले चाँडै नै दुई वटा लक्ष्यहरू विकास गर्ने हिन्टनको भनाइ छ। पहिलो लक्ष्य आफू बाँच्नु हुनेछ भने अर्को लक्ष्य भनेको थप नियन्त्रण कायम गर्नु हुनेछ।

त्यसैले मानिसहरूप्रति करुणा भावना जगाउनु महत्त्वपूर्ण छ, हिन्टनको तर्क छ, 'जसरी एउटी महिलाले आफ्ना सन्तानको हेरचाह गर्ने वृत्ति हुन्छ र तिनमा सामाजिक दवावसमेत हुन्छ, ठीक त्यस्तै भाव तिनमा हालेको खण्डमा एआई एजेन्ट हानिकारक हुँदैनन्।'

'कम बुद्धिमान चिजले बढी बुद्धिमान चिजलाई नियन्त्रण गर्छ,' उनले भने, 'एउटी आमा उसको बच्चाबाट नियन्त्रित हुन्छे। यही मोडललाई हामीले प्रयोग गर्ने हो।'

यो प्राविधिक रुपमा कसरी गर्न सकिन्छ भन्ने अझै प्रस्ट हुन नसकिए पनि अनुसन्धानकर्ताहरूले यसमा काम गर्न जरुरी रहेको बताए।



'यदि एआई मेरो अभिभावक बनेन भने उसले मलाई प्रतिस्थापन गर्नेछ,' उनले भने, 'यी सुपर-इन्टेलिजेन्स हेरचाह गर्ने एआई आमाहरूमध्ये धेरैले मातृवृत्ति हटाउन चाहने छैनन् किनभने तिनीहरू हामीलाई मर्न दिन चाहँदैनन्।'

हिन्टनले न्यूरल नेटवर्क नामक संस्था बनाएका थिए। उनले यस संस्थामार्फत एआईलाई चर्चित बनाउने बाटो खोलेका थिए। सन् २०२३ मा उनले गूगलबाट राजीनामा दिएपछि एआईका खतराहरूबारे बोल्न थालेका थिए।

हिन्टनको यो 'एआई मातृत्व' दृष्टिकोणमा अन्य वैज्ञानिकहरू भने सहमत छैनन्।

'एआईकी गडमदर' भनेर चिनिने फेई फेई लीले भनेकी छन्, 'मैले लामो समयसम्म हिन्टनसँग काम गरेकी छु। उहाँप्रति मेरो सम्मान छ तर उहाँको विचारप्रति असहमति रहन्छ।

वर्ल्ड ल्याब नामक एआई स्टार्टअपकी सहसंस्थापक तथा प्रमुख कार्यकारी लीको भनाइ छ, 'हामीले हरेक तहमा प्रविधिलाई जिम्मेवार ढंगले सिर्जना र प्रयोग गर्नुपर्छ र यो हाम्रो जिम्मेवारी पनि हो। कुनै पनि क्षणमा, कुनै पनि मानवले आफ्नो सम्मान छोड्नु पर्ने वा छोड्ने छनोट गर्नुपर्ने हुनुहुँदैन।

च्याटजीपीटीका मालिक तथा ओपनएआईका अन्तरिम सिइओको रूपमा छोटो समय सेवा गरेका इमेट शेयरले भने, 'केही एआई प्रणालीहरूले मानवलाई ब्ल्याकमेल गर्ने वा बन्द गर्ने आदेशलाई बाइपास गर्ने प्रयास गरेकोमा मलाई चाहिँ आश्चर्य लागेन।'

'यो बारम्बार भइरहन्छ र यो रोकिने छैन,' एआई एलाइनमेन्ट स्टार्टअप सफ्टम्याक्सका सिइओ शेयरले भनेका छन्, 'आजका एआईहरू तुलनात्मक रूपमा कमजोर छन् तर तिनीहरू धेरै छिट्टै बलियो हुँदैछन्। त्यसैले तिनमा मानवीय मूल्यहरू थोपर्ने भन्दा, मानव र एआईबीच सहकार्यात्मक सम्बन्ध बनाउनु बुद्धिमानी दृष्टिकोण हुनेछ।'

धेरै विशेषज्ञहरूले आगामी केही वर्षभित्रै एआईहरू सुपरइन्टेलिजेन्स हुँदैछ। यसलाई कृत्रिम सामान्य बुद्धिमत्ता (एजीआई) पनि भनिन्छ। पहिले एजीआईको अवस्थामा पुग्न ३० देखि ५० वर्ष लाग्ने सोचिएको थियो तर समयअगावै अर्थात् पाँचदेखि २० वर्षकै बीचमा त्यो लक्ष्य हासिल हुनेछ।

हिन्टनले एआई विकसित हुँदै जाँदा के गलत हुनसक्छ भन्नेमा भन्दा पनि यसले चिकित्सा क्षेत्रमा ठूलो सफलता ल्याउने आशा गरेका छन्।

'एआईकै कारण हामीले नयाँ औषधिहरू देख्नेछौं। हामीले अहिलेको भन्दा धेरै राम्रो क्यान्सर उपचार पाउने छौं,' उनले भने। उदाहरणका लागि, एआईले डाक्टरहरूलाई एमआरआई र सीटी स्क्यानले उत्पादन गरेको विशाल डाटालाई विश्लेषण र सम्बन्धित गर्न सहयोग गर्ने छ।

यति हुँदाहुँदै पनि एआईले मानवलाई अमर बनाउन सहयोग गर्ने कुरामा उनलाई विश्वास छैन।

'एआईको सहयोगले मानव जाति सधैं बाँच्छ भन्ने मलाई लाग्दैन। हामीले अमरता पाउने छैनौं,' हिन्टन भन्छन्, 'अमर हुनु मान्छेको सबैभन्दा ठूलो गल्ती र अभिशाप हुनसक्छ। मानौं, अबका दुई सय वर्षपछि पनि यिनै बूढा पुराना मानिसहरूले देश हाँकेको तपाईंलाई मन पर्ला त ?'

आफूले एआईलाई काम गराउनेबारे मात्रै सोचेकामा हिन्टनले यतिबेला दुःख व्यक्त गरेका छन्। उनी भन्छन्, 'एआईको नकारात्मक पक्षका बारेमा सोच्दै नसोची मैले चाँडोभन्दा चाँडो यसलाई विकसित गर्न भूमिका खेलें। मलाई लाग्छ, मैले सुरक्षा मुद्दाहरूबारे पनि सोच्नुपर्थ्यो।'

# बजेटका उद्देश्य पूरा गर्नेगरी काम गर्न अर्थमन्त्री पौडेलको निर्देशन



news24
**काठमाडौं, साउन ३०**

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षको बजेटले लिएका उद्देश्यहरू पूरा गर्ने गरी लाग्न निर्देशन दिनु दिएका छन्। मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले यस पटकको बजेट यथार्थपरक रहेकाले आर्थिक वृद्धि, पूँजीगत खर्च, राजस्व संकलन लगायतका लक्ष्यहरू पूरा गर्नका लागि अहिलेदेखि सकृय भएर लाग्न निर्देशन दिएका हुन्।

औसत प्रयासले लक्ष्यहरू पूरा गर्न नसकिने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले कार्यशैली बदल्न पनि सुझाव दिए। उनले समस्यहरूमा अल्झिने भन्दा समाधानका लागि सकारात्मक भूमिका निर्वाह गर्न र नतिजालाई ध्यान आग्रह गरे। निजीक्षेत्रको मनोबल बढाउनल अध्यादेश, नीति तथा कार्यक्रमहरूले ल्याइएको, संवादलाई बढाइएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले यसबारे थप अध्ययन तथा अनुसन्धान गर्नुपर्नेमा जोड दिए।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले अर्थतन्त्रका सुचकहरू ठीक भए पनि निजी र सार्वजनिक क्षेत्रमा 'इकोनोमिक कन्फिडेन्स' अझै बढ्न नसकेको बताए। नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले व्याजदर कम भएका बेला अर्थतन्त्रलाई अझ बढी चलायमान बनाउन निश्चित क्षेत्रमा सरकारले नै 'विग पुस' गर्नुपर्नेमा जोड दिए।

अर्थ सचिव घनश्याम उपाध्यायले विगतको लक्ष्य र नतिजाहरू आइसकेका हुनाले आत्मसमीक्षा गरी काममा केन्द्रित हुनु पर्ने बताए। राजस्व सचिव दिनेशकुमार घिमिरेले कार्यक्रमहरू कार्यान्वयनमा अहिलेदेखि तदारुकताका साथ लाग्दा मात्र लक्ष्यहरू पूरा हुन सक्ने बताए। उनले राजस्व प्रशासनमा अझ बढी सुधारको खाँचो औल्याए।

अर्थ मन्त्रालय योजना, अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख तथा प्रवक्ता श्यामप्रसाद भण्डारीले अर्थतन्त्रका सूचकहरू सकारात्मक रहेको जानकारी दिँदै आगामी दिनमा थप समन्वय र सहजीकरणलाई प्राथमिकता दिने बताए। बैठकका सहभागीहरूले कार्यक्रम कार्यान्वनयका क्रममा देखा पर्ने समस्या र चुनौतीहरूलाई तत्काल समाधान गर्दै अघि बढ्दा थप नतिजा आउन सक्ने धारणा व्यक्त गरेका थिए।

# इँटा उद्योगको बीमा नहुँदा व्यवसायी मर्कामा



**रौतहट (संवाददाता)** – रौतहटका इँटा व्यवसायीहरूले इँटाको बीमा नहुँदा मर्कामा परेको बताएका छन्। रौतहट इँटा उद्योग व्यवसायी संघ गरुडाको सातौं साधारणसभा तथा पाचौं अधिवेशनमा इँटाको उद्योग तथा व्यवसाय गर्नेहरूले बीमा नहुँदा परेको बताएका हुन्।

संघका मधेश प्रदेश अध्यक्ष विक्रमकुमार साहले प्रदेशमा एक हजार ३४९ इँटा उद्योग रहेकामा अहिले ७०० मा झरिसकेको जानकारी दिए। उद्योगी पलायन हुँदा राज्यलाई पनि ठुलो आर्थिक घाटा भएको बताए। सरकारले इँटा उद्योगलाई बीमा गर्ने व्यवस्था नगर्ने हो भने उद्योगीहरू विस्तारै पलायन हुँदै जाने र भारतबाट इँटा ल्याउनु पर्ने अवस्था आउने चेतावनी उनले दिए।

कार्यक्रममा गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनिप्रसाद कल्वारले करोडौंको लगानी गरेर इँटा व्यवसायीले उधारोमा बेच्नु परेको र अस्वस्थ प्रतिस्पर्धाले उद्योगी टाट पल्टिइरहेकाले सबै पक्षले गम्भीर भएर विचार गर्नुपर्ने बताएका छन्।

रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले अन्य वस्तुको मूल्य बढ्दै जाँदा इँटाको मूल्यमा कमी आइरहेकोले उद्योगी पलायन हुनुपर्ने बाध्यता भएको बताएका छन्। प्रजिअ खड्काले इँटा उद्योगीबीच अस्वस्थ्य प्रतिस्पर्धाका साथै उत्पादन लागत बढ्दै जाँदा पनि समस्या बढ्दै गएको बताएका छन्। ऐन कानूनको परिधिमा रहेर उद्योग सञ्चालन गर्न प्रजिअ खड्काले आग्रह गरेका छन्।

कार्यक्रमको अध्यक्षता गरेका राम विनोद साहले इँटा उद्योगीको मर्का राज्यले नबुझेको चर्चा गर्दै रौतहटका साठी प्रतिशत इँटा व्यवसायी पलायन भइसकेको बताए। रौतहटमा १६३ इँटा उद्योगमध्ये करिब ६० ओटा मात्र सञ्चालनमा रहेको अध्यक्ष साहले जानकारी दिए।

अधिवेशनले राम विनोद साहको अध्यक्षतामा १५ सदस्यीय रौतहट इँटा व्यवसायीको नयाँ कार्य समिति र नौ सदस्यीय सल्लाहकार समिति चयन गरेको छ।

# स्वदेशी वस्तु निकासी गर्न छुट्टै प्राधिकरण



काठमाडौं। स्वदेशी वस्तुको निकासी प्रवर्द्धन सहज बनाउन प्राधिकरण आवश्यक रहेको विज्ञहरूले सुझाएका छन्। प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले शुक्रबार काठमाडौंमा आयोजना गरेको 'निकासी पैठारी (नियमन) विधेयक, २०८१' माथि विषय विज्ञहरूसँग छलफलमा विज्ञहरूले छुट्टै स्वायत्त प्राधिकरणको आवश्यकता औंल्याएका हुन्।

पूर्वमुख्यसचिव लीलामणि पौडेलले मुलुकमा स्वावलम्बी अर्थतन्त्रका लागि निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने र यसका लागि छुट्टै स्वायत्त संस्थाका रूपमा प्राधिकरण गठन गर्न सकिने गरी विधेयकमा व्यवस्था गर्न सुझाव दिए। 'वैदेशिक लगानीका विषयमा ऐनमा स्पष्ट व्यवस्था गरिएको छैन। लगानीका चुनौतीलाई पनि विधेयकमा समेट्न आवश्यक छ', उनले भने, 'नेपालमा उत्पादित वस्तुको गुणस्तर प्रमाणीकरण गर्ने विषयवस्तु ऐनमा समावेश गर्नुपर्छ। यसका साथै आयातित वस्तुको गुणस्तर प्रमाणीकरण गर्न पनि जरुरी छ।'

अर्का विज्ञ राजेश सिंहले स्वदेशी उत्पादनलाई विश्वबजारमा पुर्‍याउन र निकासी सहजीकरणका लागि प्राधिकरण गठन गर्न सुझाव दिए। 'उद्योग प्रवर्द्धनलाई सहजीकरण गर्नेगरी यो विधेयक ल्याउनुपर्छ। स्वदेशी वस्तुलाई विश्वमा चिनाउनका लागि अन्तरराष्ट्रिय व्यापार मेला आयोजना गर्न आवश्यक छ', उनले भने।

पूर्वसचिव शंकर पाण्डेले नेपाल आयातमुखी बढी भएको भन्दै आयातभन्दा निर्यात प्रवर्द्धनलाई जोड दिनेगरी विधेयक ल्याउनुपर्ने सुझाव दिए। निकासी बढाउन स्वदेशी उद्योगका लागि लगानीमैत्री वातावरण बनाउनसमेत उनको सुझाव छ।

समितिका सभापति अब्दुल खानले विज्ञलगायत अन्य सरोकार भएकाहरूले दिएका सुझावलाई सम्बोधन गर्न विधेयकमाथि थप छलफल गरिने बताए। सांसद रणेन्द्र बरालीले विधेयकलाई आवश्यकताका आधारमा पुनर्लेखन गर्नुपर्ने धारणा व्यक्त गरे।

विदेशी व्यापारलाई व्यवस्थित, पारदर्शी र सहज बनाउन, आयातनिर्यात प्रक्रियामा एकरूपता ल्याउनेलयात नियन्त्रण तथा प्रोत्साहनसम्बन्धी व्यवस्थालाई अद्यावधिक गर्ने गरी विधेयकको मस्यौदा तयार गरिएको हो। विधेयकमा आयातनिर्यातका लागि सङ्केत नम्बर, निश्चित वस्तु वा सेवामा इजाजतपत्र अनिवार्य वा प्रतिबन्धको व्यवस्था, विशेष अवस्थामा आयातनिर्यातमा रोक वा नियन्त्रण तथा अन्तरराष्ट्रिय प्रदर्शनी, मेला आदिका लागि छुट र सुविधाजस्ता प्रावधान समावेश गरिएका छन्।

यस्तै, भन्सार नाकाबाट मात्र आयातनिर्यात गर्नुपर्ने स्पष्टता, विशेष उद्योग र वस्तुका लागि प्रोत्साहन र सुविधा, निर्यात प्रवर्द्धन कोष गठन, विदेशी कम्पनीले नेपालमा सम्पर्क कार्यालय स्थापना गर्ने व्यवस्थाजस्ता प्रावधान विधेयकमा समेटिएका छन्।

मस्यौदा विधेयकमा विदेशी व्यापारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने, आयातनिर्यातसम्बन्धी कानूनलाई अद्यावधिक, संशोधन र एकीकरण गर्ने तथा राजस्व, उद्योग, व्यापार र आपूर्ति क्षेत्रमा प्रतिस्पर्धा, सुरक्षा र सुविधा बढाउने लक्ष्य राखिएको छ। रासस

# द हिडन ट्रेजर र स्माइल ट्रेनसँग बर्जर पेन्ट्सको सहकार्य




काठमाडौं (संवाददाता)- मिस नेपाल सौन्दर्य प्रतियोगिताको आयोजक द हिडन ट्रेजरले यस वर्षको कार्यक्रममा 'मिस कोस्मो' को सुरुवात गरेको छ। यो पहलसँगै नेपालमा विश्वको सबैभन्दा ठूलो क्लेफ्ट (ओठे तालु फुटेका) केन्द्रित संस्था स्माइल ट्रेनसँग सहकार्य भएको कम्पनीले जनाएको छ।

स्माइल ट्रेनले विश्वभरका बालबालिकाहरूलाई निःशुल्क क्लेफ्ट शल्यक्रिया र हेरचाह गर्न स्थानीय चिकित्सकहरूलाई तालिम, कोष र आपूर्ति प्रदान गर्दछ। बर्जर पेन्ट्सले मिस कोस्मोसँगको सहकार्यले सुरक्षित र किफायती क्लेफ्ट उपचार बारेमा जागरुकता जगाउने लक्ष्य राखेको छ, यसले हजारौं बालबालिकाहरूका आत्मविश्वासका साथ मुस्कुराउन प्रेरित गर्ने कम्पनीको दाबी छ।

बर्जर पेन्ट्सले क्लेफ्ट पीडित बालबालिकाहरूका लागि विशेष अन्तरक्रियात्मक सत्र आयोजना गरेको छ। कार्यक्रममा मिस नेपाल २०२५का अन्तिम प्रतियोगीहरूले बालिबालिकासँग रमाइलो, कलात्मक र रचनात्मक गतिविधिहरूमा भाग लिएका थिए।

कार्यक्रममा बालबालिकाहरूले कलाका किताबहरू रंगाउँदै रमाइलो गरे भने उनीहरूलाई विभिन्न परिकार र उपहार पनि प्रदान गरिएको थियो। साथै, बालबालिकाहरूले मिस नेपाल २०२५ का अन्तिम प्रतियोगीहरूसँग आत्मीय र हर्षित समय बिताउन अवसर प्रदान गरेको छ।

बर्जर पेन्ट्सले स्माइल ट्रेनको मूलमन्त्र 'विश्वलाई परिवर्तन गर्दै, एक मुस्कान एक पटकमा' लाई आत्मसात् गर्दै सामाजिक पहलमा सक्रिय रहने प्रतिबद्धता जनाएको छ।

# भेटायोको एसी सर्भिसिङ सेवा

काठमाडौं (संवाददाता)- नेपालको अग्रणी अन-डिमाण्ड सर्भिस प्लेटफर्म भेटायोले काठमाडौं उपत्यकाका घर तथा अफिस प्रयोगकर्ताहरूका लागि प्रोफेशनल एसी सर्भिसिङ सेवा सुरु गरेको घोषणा गरेको छ। यो सेवा एक हजार रुपैयाँबाट सुरु हुने कम्पनीले जनाएको छ। यो सेवा मोबाइल एप वा फोन कलमार्फत सजिलै बुक गर्न सकिने कम्पनीले जनाएको छ।

उच्च गर्मीको समयमा एसीले राम्रोसँग काम नगर्नु, हावा चिसो नआउनु, आवाज आउनु, वा अत्यधिक बिजुली खपत हुनुजस्ता समस्या आए सेवा लिन सकिने कम्पनीले जनाएको छ।

भेटायोले एसीको धुलो र फोहोर हटाउने, इनडोर र आउटडोर युनिटको डीप क्लिनिङ गर्ने, फिल्टर सफा गर्ने वा प्रतिस्थापन गर्ने, मुभिङ पार्टहरूमा ग्रीस लगाउने, इलेक्ट्रिकल कनेक्शनहरू कस्ने लगायतका सेवा दिँदै आएको छ।

ग्राहकहरूले आफ्नो सुविधाअनुसार सेवा बुक गर्न भेटायो एप डाउनलोड गर्न सक्नेछन्। बुकिङ गर्दा इच्छाएको मिति र समय छान्न सकिने सुविधा पनि रहेको कम्पनीले जनाएको छ। प्रशिक्षित, अनुभवी र दक्ष प्राविधिकहरू तोकिएको समयमा सेवाका लागि घरमै पुग्ने कम्पनीको दाबी छ।

भेटायोले घर तथा अफिसलाई चाहिने प्लम्बिङ, इलेक्ट्रिसियन, पेस्ट कन्ट्रोल, हाउस क्लिनिङ, ड्राइभर, पेन्टिङ, कारपेन्ट्री, र एसी सर्भिसिङ सेवा उपलब्ध गराउँदै आएको छ।

# सामाजिक सञ्जाल कानूनी दायरामा ल्याउँछौं- प्रधानमन्त्री ओली



ललितपुर। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जाल कानूनी दायरामा आउनुपर्ने बताएका छन्। आइसिटी फाउण्डेशनद्वारा शुक्रबार ललितपुरमा आयोजित 'डिजिटल नेपाल कन्क्लेभ २०२५' को उद्घाटनसत्रमा प्रधानमन्त्री ओलीले सबै सामाजिक सञ्जाल नेपालको प्रचलित कानूनअनुसार दर्ता हुनुपर्ने, कर तिर्नुपर्ने र अन्य दायित्वहरू पूरा गर्नुपर्ने बताएका हुन्।

प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाललाई कानूनी दायरामा ल्याउन यसअघि सूचना तथा सञ्चार प्रविधि मन्त्रालयलाई निर्देशन दिइसकेको जानकारी दिए। 'सूचना प्रविधिसँग सम्बन्धित रहेर नेपालमा हुने सबै किसिमका कारोबार नेपाल सरकारले थाहा पाउनुपर्छ, नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जालले कानूनअनुसार दायित्व पूरा गर्नुपर्छ र कर तिरेको हुनुपर्छ', प्रधानमन्त्री ओलीले भने।

सूचना प्रविधिका क्षेत्रको विकासका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले भने, 'सरकार जनताका लागि हो, जनताले चाहेको सूचना प्रविधिको विकास र प्रवर्द्धनमा सरकारले ध्यान दिन्छ, सूचना प्रविधिका क्षेत्रमा स्वदेश र विदेशमा लगानी गरेर आम्दानी गर्न सकिन्छ, तपाईंहरू आत्मविश्वासका साथ अगाडि बढ्नुस्, सरकार तपाईंको साथमा छ।'

प्रधानमन्त्री ओलीले तीव्र रुपमा विकास भएको सूचना प्रविधिले मानिसलाई घिसारिरहेको उल्लेख गर्दै पुष्पलाल मध्यपहाडीको आफ्नो यात्राका क्रममा रुकुमको दुर्गम गाउँका बूढीआमाहरूले पनि फेसबुक चलाउन जानेको जानकारी पाउँदा खुसी लागेको स्मरण गरे। उनले डिजिटल प्रविधि र हरित ऊर्जाका लागि नेपाल उपयुक्त गन्तव्य भएको उल्लेख गर्दै आर्टिफिसियल इन्टेलिजेन्सको भरपुर प्रयोग गरेर विकास र समृद्धिमा लाग्नुपर्नेमा जोड दिए।

आफ्नो घोषणाबमोजिम अनलाइन माध्यमबाट गत वर्षदेखि एसइईका विद्यार्थीहरूलाई शिक्षण गराउँदा एक लाख ५० हजारभन्दा बढीले लाभ लिएर नतिजामा सुधार आएको उनको भनाइ थियो। बालबालिकालाई मोबाइलबाट जोगाउँदै शिक्षा र विकासमा यसको उदुपयोग गर्नुपर्ने उनले बताए।

सरकारले हालै एआई नीति पारित गरेको र सूचना प्रविधिसँग सम्बन्धित विकासलाई कसरी रुपान्तरण र परिवर्तन गर्ने भनेर ध्यान दिइएको बताउँदै उनले भएको विकास नदेखेर केहीले नियतबस निराशा फैल्याउन खोजेको टिप्पणी गरे।

उनले अहिले सरकारले स्थिरता, सुशासन र विकासमा सूचना प्रविधिको उपयोगमा स्पष्ट रहेकाले यसमा निजी क्षेत्रलाई प्रोत्साहित गरिने बताए। प्रधानमन्त्री ओलीले सरकारले सुशासन कायम गर्नका लागि पनि सूचना प्रविधिको प्रयोग आवश्यक भएको बताए। उनले सूचना प्रविधिको उपयोग, विकास र मानिसको आचरणमा सुधार गरेर भ्रष्टाचार शून्यमा पुऱ्याउन सकिने धारणा राखे। *रासस*


**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC

**INTEREST RATE**

Effective from 1st Bhadra 2082 (17th August 2025)

| Interest Rate of Fixed Deposit | |
|---|---|
| **Particular** | **Interest Rate (% p.a.)** |
| **Individual** | |
| 3 Months to below 6 Months | 4.00 |
| 6 Months to below 1 Year | 4.40 |
| 1 Year to below 2 Years | 5.50 |
| 2 Years to below 3 Years | 6.25 |
| 3 Years & above | 7.00 |
| Recurring Deposit | 5.50 |
| **Remittance - Individual (1 Year & above)** | 6.50 |
| **Institutional** | |
| 1 Year to below 2 Years | 4.50 |
| 2 Years to below 3 Years | 5.25 |
| 3 Years & above | 6.00 |
| **Saving Deposit/Remittance Saving Deposit** | 3.60 - 4.50/5.50 |
| **Call Account** | Max up to 1.80% |

| Fixed Interest Rate of Loan & Advances (% p.a.) | | |
|---|---|---|
| **Particular** | **Up to 5 Yrs** | **Up to 10 Yrs** |
| Home Loan/Hire Purchase Loan (Personal) Business Term Loan/Other Retail Loan | 10.00 | 11.00 |
| Hire Purchase Loan (Commercial) | 11.00 | 12.00 |
| **Base Rate (BR) as on Ashad 2082** | | 7.96 |
| **Average Base Rate as on Ashad 2082** | | 8.04 |

**Note**
1. Rates for other credit facilities except above shall be same as previous and available on our official website (www.icfc.com.np)

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np
www.icfc.com.np



BFC **BEST FINANCE COMPANY LTD.**
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था
प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोनः ०१-४५४२४६१/६२/६३

**निक्षेप तथा कर्जाको ब्याजदर**

भाद्र १, २०८२ देखि लागू हुने

| निक्षेप | | |
|---|---|---|
| **१. मुद्धती निक्षेप** | **ब्याजदर (वार्षिक)** | |
| | **व्यक्तिगत** | **संस्थागत** |
| ३ महिने | ४.७५% | – |
| ३ महिना माथि ६ महिनासम्म | ५.००% | ४.००% (६ महिने) |
| ६ महिना माथि १ वर्षसम्म | ६.००% | ५.००% |
| १ वर्ष माथि २ वर्षसम्म | ६.२५% | ५.२५% |
| २ वर्ष माथि ३ वर्षसम्म | ७.००% | ६.००% |
| ३ वर्ष भन्दा माथि | ७.५०% | ६.५०% |
| बेष्ट रेमिट मुद्दती | माथिको दरमा थप १% | – |
| ब्याज भुक्तानी | मासिक/त्रैमासिक | |
| **२. बचत निक्षेप** | **ब्याजदर (वार्षिक)** | **न्यूनतम मौज्दात (रु.)** |
| जनरल सेभिङ्गस् | ४.२५% | १०० |
| होम सेभिङ्गस् | ४.२५% | – |
| गृहलक्ष्मी सेभिङ्गस् | ४.२५% | १०० |
| सिनियर सिटिजन सेभिङ्गस् | ४.२५% | १०० |
| शेयर होल्डर सेभिङ्गस् | ४.२५% | १०० |
| चिल्ड्रेन सेभिङ्गस् | ४.२५% | १०० |
| सुपर सेभिङ्गस् | ४.२५% | १,००० |
| एन.आर.एन.सेभिङ्गस् | ४.२५% | १०० |
| बेष्ट सेभिङ्गस् | ५.२५% | ५,००० |
| तलब बचत खाता | ५.२५% | १०० |
| बेष्ट स्टाफ स्यालरी सेभिङ्गस् | ५.६५% | - |
| ग्रीन सेभिङ्गस् | ५.६५% | १०,००० |
| बेष्ट रेमिट सेभिङ्गस् | ६.६५% | ५,००० |
| माथि उल्लेखित बाहेक न्यूनतम मौज्दात रु. १०० रहेका अन्य बचत खाताहरुको वार्षिक ब्याजदर ४.२५% हुनेछ। | | |
| ३. कल निक्षेप | अधिकतम २.१२% सम्म | १,००० |
| **कर्जा** | | |
| मुद्दती निक्षेप कर्जा | मुद्दती निक्षेपको ब्याजदर/औसत आधार दर +२% सम्म | |
| सहवित्तीयकरण कर्जा | सहवित्तीयकरणको निर्णयको आधारमा | |
| अन्य कर्जा | आधार दर + अधिकतम ५% प्रिमियम | |
| औषत आधार दर | १०.५६% | |

| स्थिर वार्षिक ब्याजदर कर्जा (व्यक्तिगत) | | | |
|---|---|---|---|
| **कर्जा शिर्षक** | **अधिकतम ५ वर्ष** | **अधिकतम १० वर्ष** | **अधिकतम १५ वर्ष** |
| आवासीय कर्जा | १२.५०% | १२.९०% | १३.००% |
| अन्य कर्जा | १२.५०% | १२.९०% | १३.००% |
| अटो कर्जा | १२.५०% (**अधिकतम ७ वर्ष**) | | |

**नोटः एउटै प्रकृतिका कर्जा तथा सापटको ब्याजदर अन्तर २% बिन्दु भन्दा बढी हुने छैन।**



# ‘बाआमाले सम्मान पाएपछि कलाकार भएको सार्थक भयो’

अभिनेता विजय बराललाई ‘पूर्णबहादुरको सारङ्गी’ले लोकप्रियताको उच्च विन्दुमा पुऱ्याइदियो । चलचित्रमा सहायक भूमिकाहरूमा भ्याइनभ्याइ गरी व्यस्त बरालले पहिलोपटक निर्वाह गरेको मुख्य भूमिकाले वाहवाही मात्र पाएन, उक्त चलचित्रले नेपालमा मात्रै झण्डै ४७ करोडको व्यापार गरेर कीर्तिमान बनायो ।

आफ्नो नामले परिवारको प्रतिष्ठालाई समाजमा उच्च गरेपछि उनलाई केही उपलब्धि प्राप्त गरे भन्ने आभास भएको छ । ‘मैले पाएको सफलताले अहिले मेरो बुवाआमाको पनि सम्मान बढेको छ । विजयको बुबाआमा है भन्दै उहाँहरूलाई गरिने नमस्कार र दिइने सम्मानलाई म शब्दमा व्यक्त गर्न सक्दिनँ । मैले बुबाआमाका लागि गर्न केही सकेको छैन तर मेरो कर्मले दिएको सम्मानले एउटा सन्तानलाई पेशाप्रति झनै ऊर्जा मिल्छ । मैले यस क्षेत्रमा गरेको संघर्ष सार्थक भएको महसूस भएको छ,’ अभिनेता बरालले भने । प्रस्तुत छ, सर्लाहीको लालबन्दी नगरपालिकामा जन्मिएर काठमाडौँमा नाट्य क्षेत्र हुँदै चलचित्रमा अभिनेता बनेका बरालले आफ्नो कलायात्राका विषयमा राससले गरेको कुराकानीको सम्पादित अंश :

### अभिनय गर्ने रहर कसरी जाग्यो ?

कक्षा ८ मै पढ्ने समयमा मलाई ‘ढोका खोल पोष्टे कि आमा, ढोका खोल न हो’ बोलको गीतले आकर्षित गऱ्यो । उक्त गीतमा प्रयुक्त शब्दहरू, गायन र श्रव्यदृश्य तीनवटै पक्षले मलाई तान्यो । उक्त गीतको सर्जक लालबन्दीकै गायक नारद खतिवडा रहेको थाहा पाएपछि मैले उहाँको गीतसङ्गीत र हास्य प्रस्तुतिलाई पछ्याउन थालेँ । मैले नजिकका साथीहरूसामु विद्यालयका शिक्षकहरूको हाउभाउ, बोलचाल र शिक्षण शैलीको पनि नक्कल गरेर देखाउँथे । साथीहरूबाट प्राप्त हौसलाबाट उत्साहित विस्तारै नक्कल गरेर आवाज निकाल्न (क्यारिकेचर) गर्न थालेँ ।

सोही क्रममा पहिलोपटक आफ्नो क्षमता सार्वजनिक रुपमा एउटा कार्यक्रममा म मञ्चमा प्रस्तुत भएँ । त्यहाँ मैले विभिन्न नेताहरूको आवाजहरूको नक्कलसँगै ‘जल्खैको पोको बोकेर’ बोलको गीतमा हास्यप्रधान नृत्य प्रस्तुत गरे । त्यसलाई सबैले रुचाउनुभयो । त्यसपछि म प्रायः संस्कृति कार्यक्रममा प्रस्तुत हुन थालेँ । त्यहीबाट अभिनय गर्ने रहर मभित्र सिर्जित भएको जस्तो लाग्छ ।

### दोस्रोपटक कलाकार बन्ने सपना लिएर काठमाडौँ आउनु भएको बताउनु न ?

लालबन्दीमा कक्षा १२ पढेर उत्तीर्ण भएपछि हास्य कलाकार बन्छु भनेर काठमाडौँ हिडेँ । हास्य कलाको विकास र विस्तारका साथ काठमाडौँ आएपछि गृह जिल्लाकै विद्यार्थी नेता रघु कार्कीमार्फत मेरो चिनजान हास्य कलाकार शिवशङ्कर रिजालसँग भयो । ‘जोगिन्दर’ र ‘पानवाला’ को उपनामले चर्चामा आइसक्नुभएका कलाकार रिजालले मलाई आफ्ना ‘गाईजात्रा’ का लागि तयार गरिने प्रहसन र ‘प्यारोडी’मा स्थान दिनुभयो । मैले उहाँसँग ‘जुनियर आर्टिस्ट’ भएर काम गर्न थालेँ । तर, सन्तुष्टि पाइनँ ।

सोही क्रममा म गुरुकुलमा नाटक पनि हेर्न जान्थेँ । त्यहाँ गुरुकुलका व्यवस्थापक दिपेश भण्डारीसँग भेटघाट र चिनजान गरेँ । त्यसपछि निःशुल्क नाटक हेर्ने वातावरण पाएँ । व्यवस्थापक भण्डारीकै सल्लाहमा पाटनको यलमाया केन्द्रमा भारतको दिल्लीस्थित विख्यात नेशनल स्कुल अफ ड्रामा (एनएसडी)को तर्फबाट सञ्चालन हुने नाटकसम्बन्धी तालिमको लागि निवेदन दिएँ । रङ्गकर्मी एमके रैनासँग ४५ दिनसम्म सञ्चालित उक्त तालिमको समापनसँगै मैले आफूमा फरक महसूस गरेँ ।

### मण्डला नाटक घरसँग कसरी जोडिनुभयो नि ?

‘क्यारिकेचर’ र अभिनय फरक पाटा हुन् भन्ने तथ्यलाई बुझेसँगै म जेलाई कलाकारिता मानेर मख्ख थिएँ, त्यो त वास्तवमा कलाकारिता नै होइन रहेछ भन्ने बुझेँ । त्यसयता रङ्गकर्ममा आकर्षित भएँ । अभिनय एउटा पोखरी होइन, महासागर रहेछ भन्ने लाग्यो । रङ्गकर्म र नाटकमा आकर्षण बढेपछि पुनः गुरुकुलका व्यवस्थापक भण्डारीले मलाई अनामनगर गएर नाट्यकर्मी राजन खतिवडासँग भेट्न भन्नुभयो । नाट्यकर्मी खतिवडासँग भेटेपछि म मण्डला नाटक समूहसँग जोडिएँ । मण्डलामा ‘सेट डिजाइन’ सहयोगी भएँ । शुरुमा त कलाकार बन्न आएको मान्छे ‘सेट’ बनाइरहेको छु भन्ने पनि लाग्थ्यो । तर, त्यहाँ मैले बुद्धि तामाङ, नाजिर हुसेनको लगाव र मिहिनेतले धैर्य के होसिकायो । शून्यबाट नयाँ सुरुआत गर्न थालें । त्यहाँबाट विभिन्न गरिने काम र सडक नाटकले जीविकोपार्जन हुन थाल्यो । मैले विलाशिता त्यागेर सङ्घर्षलाई अपनाएँ । हामी त्यो समयमा मण्डला नाटक घरमा सङ्घर्ष गर्ने सबै कलाकारले मिहिनेत गऱ्यौँ ।

हामीले रसियन कल्चर सेन्टरमा एउटा नाटक महोत्सव गर्दा ठाउँ साँघुरो लागेपछि आफ्नै नाटक घर हुनुपर्छ भनेर मण्डला नाटक घरको स्थान खोज्यौं । सबैले सकेको आर्थिक सहकार्य पनि गऱ्यौँ । नाटकघर तयार भएपछि मसहित सम्पूर्ण नाट्यकर्मी मण्डलाको संस्थापक सदस्य भयौं ।

### नाटकमा मुख्य कलाकारको रुपमा अभिनय गर्ने अवसर कसरी प्राप्त भयो ?

राष्ट्रिय नाचघरमा नाट्य प्रशिक्षणमा सिकेको सिकाइलाई सहपाठीहरूसँग मिलेर ‘अन्धो युग’ नामक नाटकमा प्रस्तुत गरेँ । त्यसपछि विस्तारै मञ्चन हुने नाटकहरूमा सानातिना भूमिका गर्न थालेँ । मण्डलाले ‘चरण दास चोर’ नामक नाटक मञ्चन गर्ने तयारी हुँदै गर्दा दयाहाङ राईले अभिनय गर्दै हुनुहुन्थ्यो । तर, उहाँ चलचित्रमा व्यस्त भएपछि त्यो अवसर मैले पाएँ । मैले मौकाको सदुपयोग गर्न निकै मिहिनेत गरेँ । यसलाई धेरैले मन पराउनुभयो ।

### चलचित्रमा अभिनय चाहिँ कसरी शुरु भयो ?

चलचित्र ‘छड्के’ बन्दै थियो, त्यसमा धेरै नाट्यकर्मीहरू सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की, सुनिल पोखरेललगायत हुनहुन्थ्यो । म उक्त चलचित्रको अफिसमा गएँ । त्यहाँ निर्देशक मीनबहादुर भामले ‘अडिसन’ लिनुभयो । त्यहीँ मैले पाएको दृश्यलाई अभिनय गरेर देखाएँ । र, चलचित्रमा छानिएँ । मैले उक्त चलचित्रमा एउटा दृश्यमा काम गरेको छु । उक्त दृश्यमा अग्रज नाट्यकर्मी सुनिल सर हुनुहुन्थ्यो । सरले मलाई मेरो संवाद नहुँदा पनि आफ्नो संवाद मलाई दिएर काम गर्ने मौका दिनुभयो ।

### ‘कबड्डी’ले त तपाईंलाई स्थापित नै गऱ्यो नि, हैन ?

‘कबड्डी’ चलचित्रमा निर्वाह गरेको पात्र ‘बिके’ ले मलाई कलाकारका रुपमा चिनायो । हामी नाट्यकर्मी भएकाले अभिनयसँगै प्राविधिक काममा सहयोग गर्नसक्ने भएकाले उक्त चलचित्रमा अभिनय गर्न छानिएका रहेछौँ । मैले उक्त चलचित्रमा अभिनयसँगै ‘कस्ट्युम’ पक्षलाई पनि हेरेको छु । त्यो समयमा अभिनय गर्न पाइने, एक महिनाको खान खर्च पनि जोगिने भएकाले म अभिनय गर्न तयार भएँ ।

### अभिनय के रहेछ त ?

सुरुआती समयको बुझाइ बोल्नुमात्र अभिनय थियो । तर, अहिले मैले बोलेको वा अभिव्यक्त गरेको कुरा दर्शकको मनमा पुग्छ, उहाँ जोडिनु हुन्छ भने त्यो नै अभिनय हो जस्तो लाग्छ । अभिनय भनेको परिपक्वता पनि हो । जति बुझ्दै गयो उति उत्तरदायी बन्ने ।

### स-साना भूमिका गर्दै गर्दा ‘पूर्णबहादुरको सारंगी’ मा मुख्य भूमिका कसरी प्राप्त गर्नुभयो ?

निर्देशक रामबाबु गुरुङको बाँसुरी फिल्मका निर्माता विनोद पौडेल भेट भइरहनुहुन्थ्यो । सोही क्रममा मलाई एउटा फरक चलचित्र छ, गर्नुपर्छ भन्नुभयो । त्यो मेरा लागि सामान्य नै थियो, किनकि चलचित्रको प्रस्ताव आउने वा कुराको सुरुआत हुने त्यसरी नै थियो । तर, एकदिन मलाई फोन गररे निर्माता पौडेलले मुख्य भूमिकामा काम गरौँ भन्ने प्रस्ताव गर्नुभयो । सो प्रस्तावले शुरुमा त अन्योलमा परेँ । केही दोधारको अवस्था भयो । झण्डै दुई सातासम्म प्रस्तावमाथि कुनै ठोस निर्णय गर्न सकिनँ । मेरो अनुभवले पनि यस्ता भूमिका गर्नसक्छु भन्ने आँट जुटाएँ । र, अभिनय गर्ने सम्झौता गर्दै तयारी थालेँ ।

‘पूर्ण बहादुरको सारङ्गी’ चलचित्रले गम्भीर भूमिकामा पनि उत्तिकै दक्ष अभिनेताको परिचय पाउने अवसर दियो । ‘पूर्णबहादुर गन्धर्व’ पात्र बन्न झण्डै १० दिन गन्धर्वको हाउभाउ, अनुहारको भाव र बोल्ने शैली अध्ययन गरेँ । सारङ्गी बजाउन, हातको हर्कत र सारङ्गी बजाउने शैली पनि सिकेँ । पर्दामा ‘पूर्णबहादुर गन्धर्व’ नै हो भन्ना लागि आफूले सक्दो प्रयास गरेँ । हामीजस्ता दोस्रो रोजाइका कलाकारका लागि यो आयतनको भूमिका विरलै प्राप्त हुन्थ्यो । यसलाई म जतिसक्दो उत्कृष्ट बनाउन चाहन्थेँ । त्यसैले मैले यसका लागि पर्दामा जतिसक्दो आफूलाई गन्धर्वका रुपमा स्वीकार्य गराउने गरी मिहिनेत गरेँ ।

### प्रदर्शनको तयारीमा रहेको ‘जनै हराएको मान्छे’ कस्तो चलचित्र हो ?

आफ्नो बुवाको सपना पूरा गर्ने उद्देश्य बोकेको पात्रको कथा हो । उसले आफ्ना छुटेको सम्बन्ध जोड्न चाहेको छ । तर, त्यो पात्र जनै धागो झैँ घुमेर फस्छ । यसको कथाले नै मलाई आकर्षित गर्यो । पछि पटकथा बनेर आएपछि म झनै आकर्षित भएँ । यो एउटा राम्रो पारिवारिक चलचित्र बनेको छ । यो सामान्य तथा सरल कथामा बनेको चलचित्र हो । प्रचार सामग्री हेरेर दर्शकले राख्नुहुने अपेक्षालाई चलचित्रले अवश्य पूरा गर्छ ।

रासस




# पोखरामा ‘पर्दा पछाडिको भूटान’ विमर्श



कास्कीको पोखरामा भूटानी शरणार्थी नेता तथा लेखक बलराम पौड्यालको गैर-आख्यान ‘पर्दापछाडिको भूटान’ माथि विमर्श सम्पन्न भएको छ । पुछारसिटे अभियानद्वारा नयाँसडकस्थित हिमालयन रिडर्स कर्नरको सभाहलमा, अभियानका अध्यक्ष वसन्त विनोदको अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा वरिष्ठ साहित्यकार सरुभक्त प्रमुख अतिथि थिए । हालै प्रकाशित उक्त किताबमाथि आफ्नो समीक्षात्मक मन्तव्य प्रस्तुत गर्दै समालोचक महेश पौड्यालले दशकौँको पर्खाइपछि भूटानी शरणार्थी प्रकरणबारे भोक्ताकै दृष्टिविन्दुबाट प्रामाणिक र आधिकारिक आवाजसहित यस्तो पुस्तक लोकसमक्ष आएको बताए । शरणार्थी पुनर्स्थापनाका लागि भएका पहलहरूको उल्लेख गर्दै उनले भने, ‘कतिपय शरणार्थीहरूको तेस्रो मुलुकमा पुनर्स्थापना भएपछि समस्या समाधान भइसक्यो भनेर पश्चिमी राष्ट्रहरू, संयुक्त राष्ट्रसंघ र मानवअधिकारवादी संस्थाहरू फर्किए तर समस्याको वास्तविक समधान अझै निस्किएको छैन । अझै सात हजारभन्दा माथि शराणार्थी नेपालमा छन् । साथै, अमेरिकाले भर्खर विभिन्न तर्कसहित फिर्ता गरेका कतिपय भूटानी शराणार्थीको जाने ठाउँ कतै छैन ।’ उनले यस सम्बन्धमा एउटा सरोकार समूह बनाएर सम्बन्धित निकायको ध्यानाकर्षण अझै गहन ढङ्गले गर्नुपर्ने आवश्यकता रहेको बताए ।

आफ्नो लेखकीय मन्तव्य प्रस्तुत गर्दै सर्जक बलराम पौड्यालले भूटान राष्ट्रको एकीकरण, नेपालीहरूको भुटान प्रवेश र राष्ट्रनिर्माणमा योगदान तथा सन् १९९० को दशकमा नेपालीभाषीहरूमाथि भएको नीतिगत र भौतिक आक्रमणको लामो फेहरिस्त प्रस्तुत गरे । उनले आज भूटानी नेपालीका परिवार छिन्नभिन्न भएर कोही भूटान, कोही नेपाल र केही तेस्रो मुलुकमा छरिएको र परिवार मिलनसम्म हुन नसक्ने पीडाबाट आफूहरू गुज्रिरहेको बताए । नेपालका लेखक, बुद्धिजीवी, पत्रकार तथा विचारकहरूलाई यस विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्ने अभियानमा साथ दिन उनले अपिल पनि गरे ।

प्रमुख अतिथिको रूपमा बोल्दै साहित्यकार सरुभक्तले लामो समयदेखि आफूले पनि शरणार्थीका जीवन र समस्यालाई नजिकबाट हेर्दै र मनन गर्दै आएको बताए । उनले भने, ‘निर्वासनको कहरलाई प्रत्यक्ष अनुभव गर्ने शरणार्थीहरूको वास्तविक मर्म कस्तो हुन्छ, त्यसलाई हामी न प्रत्यक्ष अनुभव गर्न सक्छौं, न शब्दमा व्यक्त गर्न सक्छौं । हामी केवल संवेदित हुन सक्छौं ।’ उनले पौड्यालको किताब गैर-आख्यान भएर पनि अनेकौं पीडा र संवेदनको आख्यानजस्तै भएको टिप्पणी गरे ।

‘पर्दा पछाडिको भूटान’ पेज टर्नरले बजारको ल्याएको हो । पुस्तकको अंग्रेजी अनुवाद ‘भूटानः बिहाइन्ड द कर्टेन’ पनि बजारमा उपलब्ध छ ।

# सान्याको सफलता



बलिउड बाला सान्या मल्होत्राका तीन फिल्मले यसपाला भारतको राष्ट्रिय पुरस्कार हात पारे । कथाल, जवान र साम बहादुरले ७१ औं नेशनल अवार्ड जिते ।

उनले यसरी पुरस्कृत हुने फिल्महरुमा आफू सहभागी हुन पाउनु भाग्यको कुरा भएको बताएकी छन् । हालै एउटा मिडियामा भनेकी छन्, ‘हुन त यी पुरस्कृत हुन्छन् भनेर मैले अभिनय गरेकी होइन तर ती सबैको विषयवस्तुप्रति मोहित भएकी थिएँ । नभन्दै यी पुरस्कृत पनि भए । यो दुर्लभ क्षण हो ।’

# ५० वर्षपछि पनि ‘शोले’ उत्तिकै ताजा

हामीले ‘शोले’ हेरेको सिनेमा हलको पर्दा यति ठूलो थियो कि दर्शकले पूरा फिल्म हेर्न दायाँबाट बायाँ र बायाँबाट दायाँ टाउको घुमाउनुपर्थ्यो । यस्तो अनुभव सुनाउने व्यक्ति हुन्, नेपालका पुराना फिल्म पत्रकार र ‘शोले’का ठूलो प्रशंसक विजयरत्न तुलाधर ।

विजयरत्नको यो अनुभव ती सबै नेपाली दर्शकको साझा अनुभव हो, जसले आफ्नो बालापन वा किशोरावस्थामा फिल्म मोहका कारण २०० किमि टाढासम्म यात्रा गरेर भारतसम्म पुगी फिल्म हेर्ने गर्थे । उनले यो फिल्म हेर्न बाबाको गोजीबाट केही रुपैयाँ चोरेर काठमाडौंबाट रक्सौल पुगेका थिए ।

त्यो बेला अभिनेता धर्मेन्द्रको कुनै टिप्पणीबाट रिसाएका कारण नेपालमा उनको फिल्म प्रतिबन्धित थियो । त्यसैले ‘शोले’ पनि काठमाडौंमा प्रदर्शन हुन सकेन ।

‘शोले’ ५० वर्षअघि १५ अगस्त १९७५ मा रिलिज भएको थियो । यसको विशेषता के हो भने फिल्म रिलिज भएको पाँच दशक बितिसक्दा पनि भारतमा मात्र होइन, नेपालमा मात्र होइन, जहाँ जहाँ यो प्रदर्शन भयो, त्यहीँ त्यहीँ अहिलेसम्म यसलाई सम्झन्छन् । भारतमा अवधी र खडी बोलीको मिश्रित भाषा बोल्ने ‘शोले’को डाका गब्बर सिंह, भारतमा मात्र होइन, इरानजस्ता देशमा पनि आजसम्म ‘जब्बर सिंह’को नामले प्रसिद्ध छ ।

### इरान-इराक युद्धमा शोले

इरानमा भिडियो क्यासेट रेकर्डर (भीसीआर) राख्न प्रतिबन्ध थियो, तैपनि धेरै मानिसहरू ‘शोले’ हेर्न अनेक जुगाड गर्थे ।

यो ८० को दशकको कुरा हो । भारतमा ‘शोले’ रिलिज भएको केही वर्षपछि इरान-इराक युद्ध शुरु भयो । इरानी दर्शक कैतेयून केजेलबाश भन्छिन्, ‘त्यो बेला हामीकहाँ भीसीआर राख्नसमेत पाइँदैन थियो । अनेक जोगाड गरेर गोप्य रुपमा भिडियो टेप हेर्ने व्यवस्था मिलाइन्थ्यो र बन्द कोठामा अनेक फिल्म हेर्थ्यौं । त्यस्तै अवस्थामा हामीले ‘शोले’ हेरेका थियौं । त्यसमा वीरु र जयको मित्रता र तिनको रमाइलोले हाम्रो मन जित्यो ।’

उनी भन्छिन्, ‘जब रंगीन कपडा लगाएकी बसन्ती खाली खुट्टा गब्बरका अगाडि नाच्थिन्, म पनि मेरो कोठामा घुम्दै नाच्थें, मानौँ क्यामेराले मलाई नै खिचिरहेको होस् । युद्धको अनिश्चितता र डरका बीचमा हामीजस्ता केटाकेटीका लागि यो एउटा खुशीको पल हुन्थ्यो । ‘शोले’ मेरा लागि फिल्म मात्र थिएन, यो त इरानी बालापनको अमूल्य हिस्सा थियो ।’

### बच्चाहरूको खेल, को बन्ने गब्बर

नेपाल, इरान मात्र होइन, बाङ्लादेशमा पनि ‘शोले’का प्रशंसक कम छैनन् । ढाका निवासी फरजाना बारी भन्छिन्, ‘९० को दशकताका हामी सबैजसो बालबालिकाहरू परिवारसँग भीसीआरमा ‘शोले’ फिल्म हेर्थ्यौं । गब्बरको चरित्र यस्तो मज्जाको थियो कि बच्चाहरूलाई धेरै मन पर्थ्यो ।’

फिल्म हेरिसकेपछि बालबालिकाहरू कोही जय बन्थे, कोही बीरु बन्थे, कोही बसन्ती अनि कोही भने गब्बर सिंह । अनि उनीहरू हेरेका दृश्यहरू दोहोऱ्याउने गर्थे ।

अनुपमा चोपडाको किताब ‘शोलेः द मेकिङ अफ ए क्लासिक’का अनुसार, ‘स्क्रिप्ट लेखक जावेद अख्तर यो गीत फिल्ममा समावेश गर्न सहमत थिएनन् । उनीहरूलाई लाग्थ्यो कि बीहडका डाकु गब्बर सिंहको चरित्रअनुसार यस्तो गाना हेर्दा सुहाउँदैन ।’



गीत सुनिसकेपछि भने जावेदले यो निकै राम्रो भएको पाए । धर्मेन्द्र र हेमालाई यो फिल्ममा नचाउने लागेको थियो तर निर्देशक रमेश सिप्पी र अन्यलाई भने यो जोडाको गीत भन्दा पनि अरु नै हिसाबले फिल्मांकन गर्नु उचित हुन्छ भन्ने लाग्यो ।

### पाकिस्तानमा बिक्थे, संवादका टेप

‘शोले’ पाकिस्तानी सिनेमा हलमा वर्षौंसम्म रिलिज नभए पनि यसको १२० मिनेट लामो अडियो टेप पाकिस्तानमा किन्न पाइन्थ्यो । खाडी देशमा वैदेशिक रोजगारीमा गएका नातेदारहरू फर्कंदा अडियो टेप उपहारस्वरुप लिएर आउँथे । त्यो टेप गाउँभरि बज्थ्यो । बजाउँदाको शानको के कुरा !

त्यसैले पनि यसका संवादहरू मुखाग्र हुन्थे । एम. एलियास खानले एउटा अनुभव सुनाउँदै भने, ‘मलाई एउटा साथीले कार किन्न सघाएको थियो । केही दिनपछि उनले फोन गरेर सोधेका थिए- तिम्रो धन्नो कस्तो चलिरहेको छ ?’

‘शोले’ फिल्ममा बसन्तीले चलाउने टाँगा तान्ने घोडीको नाम धन्नो हो । पाकिस्तानमा सन् २०१५ मा ‘शोले’ रिलिज हुँदा दर्शकहरूले हलमा गब्बर, वसन्ती, जय र वीरुका संवादहरू पात्र सँगसँगै दोहोऱ्याइरहेको दृश्य हेर्न लायक थियो ।

आखिर के कारणले भाषा, देश र संस्कृतिको दूरी पार गरेर ‘शोले’ यति लोकप्रिय भयो त ? इरानी मिडिया इतिहासकार बहरूज तोरानी भन्छन्, ‘असीको दशकमा इरानमा सरकारले नाचगानमाथि प्रतिबन्ध लगाएको थियो । तैपनि ‘शोले’ इरानमा धेरै प्रसिद्ध भयो किनभने जुन कुराहरूमाथि प्रतिबन्ध लगाइएको थियो, ती सबै कुरा ‘शोले’मा थिए ।’

‘इरानीहरूलाई ‘शोले’को रोमान्स, नायकत्व, गाना धेरै मन पऱ्यो। साथै भारतीय फिल्महरूको ‘लार्जर द्यान लाइफ’ देखाउने शैली पनि मन पऱ्यो ।’ शोले प्रदर्शनको ५० वर्ष पूरा भएपछि एउटा इरानी अखबारले हालै शोले फिल्ममाथि पूरा एक पृष्ठ समर्पित गरेको थियो । अखबारले फिल्मको कथा, गीत र केही दृश्यहरूका बारेमा विस्तारपूर्वक चर्चा गरेको थियो ।’

तीमध्ये एउटा दृश्य अमिताभ बच्चन र जया बच्चनको बीचको हो । उक्त दृश्य खिच्न २० दिन लागेको थियो । जय (अमिताभ बच्चन) हरेक साँझ हार्मोनिका बजाउँछ र प्रायः मौन रहने राधा (जया बच्चन) हरेक साँझझैँ त्यो साँझ पनि बालकनीमा लालटेनको उज्यालो निभाउन आउँछिन् । लालटेनको त्यो धमिलो उज्यालोले दुवै बीचमा हुर्कंदै गरेको सम्बन्धलाई देखाउँछ । यो सहानुभूति, मित्रता र प्रेमको बीचमा कतै केही छ । दुवैको बीचमा कुनै संवाद हुँदैन, तैपनि त्यो दृश्यले धेरै कुरा भन्छ ।

निर्देशक रमेश सिप्पी र छायाँकार द्वारिका द्विवेचाले यो दृश्य दिन ढल्कँदै गर्दा विशेष समयमा खिच्न चाहन्थे । जब सूर्यास्त हुँदै गर्छ र झमक्क रात शुरु हुन थाल्छ, त्यो नाजुक क्षणमा राधाले जयतिर पिलिक्क हेर्छे । यो दिनको नाजुक क्षण थियो- ठीक राधा र जयको सम्बन्धजस्तै ।

‘शोले- द मेकिङ अफ ए क्लासिक’ किताबमा अनुपमा चोपडा लेख्छिन्, ‘दृश्यको तयारी दिउँसोबाटै सुरु हुन्थ्यो । पाँच बजे क्यामरा मुभमेन्टको रिहर्सल हुन्थ्यो । छ बजे वा साढे छ बजे हतारको बीचमा रात हुनुअघि उनीहरूले मुस्किलले एक वा दुई शट लिन भ्याउँथे । कहिले सूर्यास्त चाँडै हुन्थ्यो, कहिले कुनै गल्ती हुन्थ्यो । र, अन्ततः यो दृश्य खिचियो ।’

‘शोले’को छायांकन गान्धी जयन्ती अर्थात् २ अक्टोबर १९७३ मा बेंगलुरु नजिकैको रामनगरममा शुरु भएको थियो । त्यो दिन वर्षाका कारण खिच्न सकेनन् । भोलिपल्ट ‘शोले’को पहिलो दृश्य खिचियो । अमिताभ बच्चन चोरी गर्न घरभित्रका सामान छान्छन् तर असफल प्रयासपछि जया बच्चनलाई साँचो फिर्ता गर्छन् ।

‘शोले’ बनाउने विचार चार लाइनको आइडियाबाट शुरु भएको थियो । धेरै निर्माताहरूले यसलाई अस्वीकार गरेका थिए र अन्ततः जब चार लाइनहरू पूर्ण फिल्ममा परिणत भयो, यो फिल्म बलिउडकै कोशेढुंगो बन्यो ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला